का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ असार २०७९,
आइतबार
3 July 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com







## निजगढमै बन्छ विमानस्थल

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ असार ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणबारेको अन्योल चिर्न सत्तारुढ पाँच दलका शीर्ष नेताहरु शनिवार निजगढ पुगे । उनीहरुले निजगठमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै निजगढ विमानस्थल निजगढमै बन्ने बताएका छन् ।

१२ जेठ २०७९ मा सर्वोच्च अदालतले निगजढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि भएका सबै निर्णय खारेज गरेको थियो । – बाँकी पृष्ठ २ मा

## पार्टी गठन नहुँदै खटपट

नयाँ पार्टी घोषणा गरेको सातौं दिनमै वामदेव गौतमलाई एउटा समूहले निकालेको घोषणा गर्‍यो । गौतम समूहले भने अर्को पक्षले दिएको राजीनामा दिएको र स्वीकृत भएको बताएको छ । अर्थात, पार्टी गठन नहुँदै खटपट देखा परेको छ ।

'नेकपा एकता अभियानमा जोडिएर जाऔं भनियो । तर, पार्टी गठन गर्ने निर्णय भएपछि बामदेव कमरेड साढैं हुनुभएछ हाम्रा कुरा सुन्नै छाड्नुभयो । त्यसपछि हामीलाई संयोजक मन परेन हटायों यो लोकतान्त्रिक प्रक्रिया हो कसैले केही भन्नुपर्ने वा गुनासो गर्नुपर्ने केही छैन् ।'

**युवराज सफल**



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १८ असार ।

कम्युनिस्ट आन्दोलन एकताबद्ध बनाउने उदेश्यराखेर नयाँ पार्टी घोषणा गरेका बामदेव गौत्तम पार्टी घोषणाको सातौं दिनमा आफ्नै पार्टीबाट निकालिएका छन् ।

पार्टी घोषणापछि गौत्तमले अन्य कम्युनिस्ट पार्टीका शीर्ष नेताहरुसँग भेट बढाएका थिए । अन्य कम्युनिस्ट पार्टीका नेताहरुलाई भेटेर एकलौटी प्रस्ताव गर्ने, शक्ति आर्जन गरेको भनी बार्गेनिङ गर्ने जस्ता कार्य गरेको आरोप लगाउँदै गौतमसंगै जोडिएर नेकपा एकता अभियानमा आवद्ध भइ पार्टी दर्ताको निर्णयमा पुगेका चार दलले गौतमलाई संयोजकबाट निष्कासन गरेका हुन् ।

गौत्तमसँगै नेकपा एकता अभियानमा समाजवादी केन्द्र नेपाल, – बाँकी पृष्ठ २ मा

## स्वतन्त्र उम्मेदवारका लागि शर्त !

निर्वाचनमा स्वतन्त्र उम्मेदवार बन्न चाहनेहरुले स्वतन्त्र उम्मेदवारहरुको गठबन्धन्धमा आवद्ध हुनका लागि बिभिन्न शर्त पुरा गर्नुपर्ने भएको छ । काठमाडौंमा भएको विशेष भेलाले स्वतन्त्र उम्मेदवार हुन स्नातक पास हुनुपर्ने, चुनावमा उठेकै दिन सम्पति विवरण सार्वजनिक गर्नुपर्ने, उमेरमा हदबन्दी लगायतका मापदण्ड तय गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ असार ।

आगामी प्रदेश र संघीय चुनावमा स्वतन्त्र उम्मेदवार बन्न चाहनेहरुले स्वतन्त्र उम्मेदवारहरुको गठबन्धन्धमा आवद्ध हुनका लागि बिभिन्न शर्त पुरा गर्नुपर्ने भएको छ । काठमाडौंमा भएको विशेष भेलाले स्वतन्त्र उम्मेदवार हुन स्नातक पास हुनुपर्ने, चुनावमा उठेकै दिन सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने, उमेरमा हदबन्दी लगायतका मापदण्ड तय गरेको छ ।

निर्वाचनमा स्वतन्त्र उम्मेदवार बन्न चाहनेहरूको समूहले राष्ट्रिय विशेष भेला बोलाएर तय गरेको उम्मेदवारको मापदण्ड अनुसार जसअनुसार ६८ वर्ष मुनिका व्यक्तिले मात्रै चुनाव लड्न पाउँछन् । स्नातक तह सम्मको शिक्षा अनिवार्य हुन्छ । चुनावमा उठेकै दिन सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने हुन्छ ।

उम्मेदवार बनेकै दिन पुलिस रिपोर्ट सार्वजनिक गर्नुपर्ने, भष्टाचारको अभियोग नलागेको, विदेशी पिआर वा ग्रिनकार्ड नलिएको हुनुपर्नेछ । यी लगायतका ११ बुँदे मापदण्ड सार्वजनिक गरिएको छ । स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाकै – बाँकी पृष्ठ २ मा

## अझै आएन मल

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ असार ।

अघिल्ला वर्षहरुमा जस्तै यो वर्षपनि बजारमा रासायनिक मलको अभाव भएपछि कृषिमन्त्रीकै राजीनामा माग्ने क्रम सुरु भएको छ । संसद र सडकमा मात्रै होईन, किसानहरु समेत आक्रोशित बनेर राजीनामा दिनुपर्ने बताउन थालेका हुन् । रोपाईंको समय सुरु भईसक्दा समेत मल दिन नल्याउन नसक्ने कृषि मन्त्रीले तत्काल राजीनमा दिनुपर्ने एमालेका अध्यक्ष केपी ओलीले बताएका छन् ।

'कृषिमन्त्रीले तत्काल राजीनामा गर्नुपर्छ के हेरेर बसेको ?' 'झण्डा हल्लाउ भनेर मन्त्री बनाएको कि किसानलाई मल बिउ देउ भनेर बनाएको ?' उनले प्रश्न गरे, 'पिर्कामा सलामी खान मन्त्री बनाएको हो ? कृषि मन्त्रीले किसानका लागि काम गर्नुपर्‍यो, किसानको समस्या हेर्नुपर्‍यो ।' उनले किसानको समस्यालाई लिएर आन्दोलन चर्काउन समेत किसान महासंघलाई निर्देशन गरेका छन् । चालु आर्थिक वर्षमा कृषि मन्त्रालयले मल खरिद गर्न १२ अर्ब रुपैयाँ विनियोजन गरेको छ ।

मल आयातका लागि चारओटा कम्पनीले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनसँग ठेक्का सम्झौता गरेका थिए । जसमा सिल्क मार्केट प्रालि, जेन ट्रेड, जेएस ट्रेड कम्पनी र इन्डियन पोटास लिमिटेड रहेका छन् । इन्डियन पोटास लिमिटेडले २५ हजार मेट्रिक टन डीएपी र ७५ हजार टन युरिया आयातका लागि कर्पोरेशनसँग गत पुसमा ठेक्का सम्झौता गरेको थियो । सिल्क मार्केट नामक नेपाली कम्पनीले कृषि सामग्रीसँग ६० हजार टन युरिया र ५ हजार टन डीएपी आयातका लागि सम्झौता गरेको थियो । जेन ट्रेडले कृषि सामग्रीसँगै २५ हजार टन युरिया र ५ हजार टन डीएपी आयातका लागि २ छुट्टाछुट्टै सम्झौता गरेको थियो । अर्को कम्पनी जेएस ट्रेडले कृषि सामग्रीसँगै २५ हजार टन डीएपी आयातका लागि सम्झौता गरेको थियो । तर, ती कम्पनीले समयमा मल उपलब्ध नगराउँदा समेत सरकारले ठेक्का भने रद्द गर्न सकेको छैन ।

मल अभाव तत्काल समाधान गर्ने विषयमा छलफल भइरहेको कृषि तथा पशुपन्छी मन्त्रालयका सह-सचिव तथा प्रवक्ता प्रकाशकुमार सञ्जेलले बताउँछन् । उनले किसानले भोगिरहेको – बाँकी पृष्ठ २ मा

## मलेसियामा अवैध बसे आजीवन 'ब्ल्याक लिष्ट'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार

मलेसियाले अवैधानिक हैसियतले बसी स्वदेश फर्किने प्रक्रियामा सहभागी नभएका आप्रवासीलाई आजीवन प्रवेशमा प्रतिबन्ध लगाउने बताएको छ । मलेसियाले गत जुन ३० तारिखमा समाप्त हुने गरी गैरकानूनी आप्रवासीलाई स्वदेश फर्किन रिक्यालिब्रेसन प्रोग्राम सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा सहभागी भएकाहरू हवाई तथा पानी जहाजबाट स्वदेश फर्किरहेका छन् ।

मलेसियाको अध्यागमन विभागका महानिर्देशक खैरूल ड्जैमी दाउदले खोजतलासका क्रममा पक्राउ पर्ने अवैधानिक हैसियतमा बसेका विदेशीलाई विभागका डिटेन्सन सेन्टरमा थुनामा राखी आजीवन मलेसिया प्रवेश नपाउने गरी 'डिपोर्ट' गर्ने बताएका छन् । मलेसियाले गत नोभेम्बरमा विदेशी कामदारलाई वैधानिक भएर काम गर्न वा जरिवाना तिरेर स्वदेश फर्किन रिक्यालिब्रेन कार्यक्रम सार्वजनिक गरेको थियो ।

मलेसियाका गृहमन्त्री हाम्जा जैनुद्धिनले २ लाख ४३ हजार २ सय ९७ जना अलेखवद्ध आप्रवासी स्वदेश – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## इजरायलका लागि पुनः मेडिकल गर्नुपर्ने

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले नेपालबाट इजरायलका लागि दीर्घकालीन सहायक कामदार (केयरगिभर)मा जान छनोट भई जान नपाएकाहरूले पुनः स्वास्थ्य परीक्षण गर्नुपर्ने बताएको छ । विभागले उनीहरूले यही असार २० गतेदेखि २६ गतेसम्म स्वास्थ्य परीक्षण गराइसक्नु पर्ने जनाएको छ ।

स्वास्थ्य परीक्षणका लागि पहिले नै छनोट भएका स्टार हस्पिटल सानेपा, मनमोहन मेमोरियल टिचिङ अस्पताल, नेपाल मेडिसिटी – बाँकी पृष्ठ २ मा

## गर्मीका कारण फुड डेलिभरीमा रोक

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १८ असार

कतारको श्रम मन्त्रालयले अत्याधिक गर्मीको समयमा बाइकमार्फत हुने फुड डेलिभरीमा रोक लगाएको छ । गत हप्ता मात्रै कतारको तापक्रम ४९ डिग्री पुगेपछि बाइकमार्फत खाना डेलिभरीमा चालकले भोग्नुपरेको समस्या बारे सामाजिक सञ्जालमा बहस चलेको थियो । लगतै श्रम मन्त्रालयले बढ्दो गर्मीका कारण जुलाई १ देखि सेप्टेम्बर १५ सम्म लागु हुने गरी बिहान – बाँकी पृष्ठ २ मा

उपचार खर्च अब Citizen Life ले गर्छ



नेपालमै पहिलो पटक
५० लाख सम्मको उपचार खर्च
मात्र रु.२० प्रति दिनमा २० घातक रोगहरुका लागि
यो योजना सिटिजन लाइफको सबै योजनासँग उपलब्ध
विशेषताहरू
रोग लागेको प्रमाणित भए पछि बिल बिना नै उपचार खर्च प्रदान गरिने
बीमाङ्क रकम: रु. ५०,००० देखि रु. ५०,००,००० सम्म
प्रवेश उमेर: १८ वर्षदेखि ५५ वर्षसम्म
Citizen CC Critical Care Plus
Citizen Life Insurance समृद्धि तपाईंको, साथ हाम्रो
सिटिजन लाइफ इन्स्योरेन्स कं. लि.
प्रधान कार्यालय - टेकु, काठमाडौं फोन: ०१-५३१६०००
ई-मेल: info@citizenlifenepal.com
वेबसाइट: www.citizenlifenepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१९ असार २०७९, आइतबार
3 July 2022, Sunday

# कृषकको घर–घरमा नगरपालिका

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, १८ असार



गुल्मीको रेसुङ्गा नगरपालिका कृषकको घर-घरमा पुग्न थालेको छ । समुन्नत नगरपालिकाको मुख्य आधार नै कृषि भएकाले कृषकको घरघरमा पुगेर गुनासो सम्बोधन गर्न थालिएको नगर प्रमुख खिल्ध्वज पन्थीले बताए । नगरपालिकाको वडा नम्बर ११ र १२ मा मासु मिसन कार्यक्रमको लागि कृषकलाई उन्नत जातका पाडा हस्तान्तरण गरिएको नगरप्रमुख पन्थीले बताए ।

हस्तान्तरण कार्यक्रम बोल्दै नगरप्रमुख पन्थीले यो कार्यक्रम कृषकको लागि महत्वपूर्ण भएको बताए । नगरप्रमुख पन्थीका अनुसार आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा पनि कृषि पशुपालनलाई प्राथमिकता दिएको बताए । स्वरोजगारले बेरोजगार हटाउन महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो ।

कृषकको साथमा नगरपालिका रहेकाले निर्धक्क भएर काम गर्न नगर प्रमुख पन्थीले आग्रह गरेका छन् । कषिमा आकर्षित र कृषकलाई उत्साहित बनाउनका लागि उत्कृष्ट काम गर्ने कृषकलाई पुरस्कार स्वरुप निर्ब्याजी ऋण उपलब्ध गराउने उनको भनाइ थियो ।

रेसुङ्गा नगरपालिका वडा नम्बर ११ मा तील बहादुर बुचा र वडा नम्बर १२ मा नेत्र बस्नेतलाई उन्नत जातका पाडा हस्तान्तरण गरिएको छ । नगरपालिकाका पशु शाखा प्रमुख रुमाखर मरासिनीले ५० वटा पाडा कपिलवस्तुबाट खरिद गरेर ल्याइएको थियो ।

कृषकलाई पाडा प्रवर्द्धन मासु मिसन कार्यक्रमको लागि नगरले २० लाख ४४ हजार रुपैयाँ बजेट छुट्याएको थियो । वडा नम्बर ११ मा २५ र १२ मा २५ वटाका दरले पाडा हस्तान्तरण गरिएको पशु शाखा प्रमुख मरासिनीले बताए ।

पाडा हस्तान्तरण कार्यक्रममा रेसुङ्गा नगरपालिका प्रमुख पन्थीसहित उपप्रमुख अमृता कुँवर, वडा नम्बर १ का वडाध्यक्ष रामप्रसाद पन्थी, वडा नम्बर ९ का वडाध्यक्ष कृष्ण प्रसाद पाण्डे, वडा नम्बर १० का वडाध्यक्ष एवं नगरपालिकाका आर्थिक विकास संयोजक राम बहादुर बस्नेत, वडा नम्बर ११ का वडाध्यक्ष खुम बहादुर राना, वडा नम्बर १२ का वडाध्यक्ष चेहरसिह टन्डन, नगरपालिकाका कृषि शाखा प्रमुख हरि शरण पन्थी लगायतको उपस्थित रहेको थियो ।

# गर्भवती महिलाको हेलिकप्टरबाट उद्दार

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १८ असार



दैलेखमा एक गर्भवती महिलाको हेलिकप्टरबाट उद्धार गरिएको छ । ठाटिकाध गाउँपालिका वडा नं १ की ३८ वर्षीया जौउकला भण्डारीलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले जानकारी दिए ।

जौउकलाको अत्यधिक रक्तस्राव भएपछि राष्ट्रपति महिला उद्धार कोषमार्फत शुक्रबार विहान ११ बजेतिर हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि सुर्खेत पठाइएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए ।

महिला र दुईवटा बच्चाको स्वास्थ्यमा जोखिम भएको जानकारी पाएपछि जिल्ला प्रशासन कार्यालयको समन्वयमा महिला, बालबालिका मन्त्रालयको सहयोगमा हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पठाएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए ।

लगातार लामो समय प्रसव व्यथा लागेको, बच्चा जन्मिन कठिनाई भएको, आमा र पेटमा रहेका २ वटा बच्चाको स्वास्थ्य अवस्था कमजोर रहेकोले स्थानीय स्वास्थ्य चौकीमा प्रसुती गराउन नसकिने चिकित्सकले सल्लाह दिएपछि उनको उद्धार गरेर सुर्खेत लगिएको हो । दैलेखमा साउनदेखि यता १८ जना सुत्केरी तथा गर्भवती महिलाको हेलिकप्टरमार्फत उद्धार गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# बेरोजगार युवायुवतीहरुलाई उद्यमशीलता विकास तालिम



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ असार

घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरको आयोजनामा १० दिने उद्यमशिलता तालिम कार्यालयको तालिम हलमा सम्पन्न भएको छ ।

गौर नगर प्रमुख शम्भु साहको प्रमुख आतिथ्य र उद्योग अधिकृत जयकान्त झाको अध्यक्षतामा सम्पन्न उक्त तालिममा महिला र पुरुषसमेत गरी ५९ जनाको सहभागिता रहेको थियो । सो तालिममा ५६ जना महिला र ३ जना पुरुष सहभागी भएका थिए ।

सो अवसरमा नगर प्रमुख साहले विभिन्न तालिमको माध्यमले बेरोजगार युवायुवतीहरुलाई आत्मनिर्भर बनाउने प्रयास जारी रहेको भन्दै गौर नगरपालिकाबाट पनि अब आउने दिनमा बेरोजगार युवायुवतीलाई विभिन्न तालिम दिई आत्मनिर्भर बनाउने प्रतिबद्धता व्यक्त गरे ।

त्यस्तै उद्योग अधिकृत जयकान्त झाले यस कार्यालयबाट सीप सिकेर धेरै महिला तथा पुरुष आत्मनिर्भर भई आफ्नो व्यवसाय सञ्चालन गर्न सफल भएको बताए । आफ्नो व्यवसाय कसरी बढाउने, नाफा तथा नोक्सानी कसरी निकाल्नेबारे जानकारी दिँदै झाले अगामी दिनमा पनि बढी भन्दा बढी बेरोजगार युवायुवतीलाई तालिम दिएर आत्मनिर्भर बनाउने आश्वासन दिए ।

तालिममा उद्योग अधिकृत झा, कोष लेखा नियन्त्रक पंकज चौधरी, प्रविण झा, शत्रुधन गुप्ता, रविचन्द्र प्र साह, चंदन ठाकुरलगायतले व्यवसाय कसरी गर्नेबारे प्रशिक्षण दिएका थिए ।

**अधिकृत बारेसनामा बदर गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०३/१९**

भवानी प्रसाद श्रेष्ठको नाती शिव प्रसाद श्रेष्ठको छोरा जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं.१ बस्ने म राजेश प्रसाद श्रेष्ठ (ना.प्र.नं. ७६०६७२१०) जिल्ला प्रशासन कार्यालय सप्तरी मिति २०४२/०९/१२ ले मेरो नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता रहेको जिल्ला सप्तरी कल्याणपुर वा.नं. ७ कि.नं.१०८ क्षेत्रफल ०-०-९-० नौ धुर जग्गा बिक्री गरी हक हस्तान्तरण गर्ने प्रयोजनको लागि मिति २०७९/०३/१३ मा जिल्ला अदालत सप्तरी मार्फत भवानी प्रसाद श्रेष्ठको नाती ईन्द्र प्रसाद श्रेष्ठको छोरा जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं. १ गोपाल प्रसाद श्रेष्ठ (ना.प्र.नं ७६०८६९२९ जिल्ला प्रशासन कार्यालय सप्तरी मिति २०५२/१२/२९) बस्ने लाई अधिकृत बारेसनामा गरी दिएकोमा सो अधिकृत बारेसनामा मार्फत गराउनु पर्ने काम अब उप्रान्त म आफैले गर्ने हुँदा आजैको मितिबाट जिल्ला अदालत सप्तरीबाट मिति २०७९/३/१३ मा प्रमाणित गरिएको सो अधिकृत बारेसनामा बदर गरिएको छ । सोको सार्वजनिक जानकारीको लागि मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५५ (ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

## निजगढमै..

त्यो फैसलाको पूर्णपाठले हालको प्रक्रिया खारेज भएपनि त्यहीँ विमानस्थल बन्नसक्ने बाटो भने खुला राखिदिएको छ । अदालतले दिएको निजगढमै विमानस्थल बन्न सक्ने भनी दिएको सुविधालाई प्रयोग गरेर निजगढ विमानस्थल निजगढमै बनाउने सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले बताए । उनका अनुसार सर्वोच्च अदालतले भने जस्तै गरी अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा विज्ञहरुको अध्ययन टोली बनाई कम भन्दा कम वातावरणीय क्षति हुने अथवा त्यसको परिपुर्ति गर्ने विकल्प खोजिनेछ । प्रधानमन्त्री देउवाले नै अग्रसरता देखाएका कारण सर्वोच्चको फैसलामा टेकेर विमानस्थल बनाउन सरकार प्रतिवद्ध रहेको र यसमा राजनीतिक दलहरुको ऐक्यवद्धता छ भन्ने सन्देश प्रवाह भएको सरोकारवालाहरुले बताएका छन् ।

शनिवार देउवासँगै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल निजगढ पुगेका थिए ।

निजगढ पुगेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले समयमै विमानस्थल निर्माणको प्रक्रिया सुरु गर्नुपर्ने बताए । अन्यथा, करोडौँको लगानी अलपत्र पर्ने र फास्ट ट्र्याकको औचित्य समेत पुष्टि नहुने उनको भनाई छ ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले विमानस्थललाई दक्षिणतर्फ लैजानुपर्ने तर्कसँग सहमत हुन नसकिने उल्लेख गर्दै तत्काल दुईवटा रनवेको भएपनि विमानस्थल बनाउनुपर्ने बताए ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले भने, 'काठमाडौं जोड्ने फाष्ट ट्र्याक छ, पूर्वपश्चिम राजमार्गसँग पनि जोडिएको छ । बोर्डरदेखि ठीक ठाउँमा पर्छ ।' राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले निजगढमै अन्तर्राष्ट्रिय विमानस्थल बनाउने विषयमा आफुहरुको सहमति रहेको बताइन् ।

सरकारमा रहेका पाँच वटै राजनीतिक दलका शीर्ष नेताहरुको एकैस्वर प्रकट भएसँगै निजगढ विमानस्थलको निर्माण अगाडि बढ्ने विश्वास पनि लिइएको छ ।

## पार्टी ...

आधुनिक नेपाल समाजवादी पार्टी, नेकपा (राष्ट्रवादी), आम नेपाली पार्टी पनि आवद्ध भएका थिए । तर, नयाँ पार्टी घोषणाको सात दिन नबित्दै यी चार दलका शीर्ष नेताको बैठकले ५ बुँदे आरोप लगाउँदै गौतमलाई निष्कासन गरेको हो ।

११ असार २०७९ मा ललितपुरमा दोस्रो भेला गरेको नेकपा एकता राष्ट्रिय अभियानले दल दर्ता गर्ने निर्णय लिएको थियो । र राजधानीमा पत्रकार सम्मेलन गरेर पार्टीको घोषणा गरिएको थियो । उक्त पत्रकार सम्मेलनलाई संयोजकको हैसियतमा सम्बोधन गर्दै गौत्तमले आफु नेतृत्वको पार्टी उद्घाटनमा नेपाल चकित हुने गरी जनसमर्थन प्राप्त हुने दाबी गरेका थिए । तर, उनी नै नयाँ पार्टीबाट निस्कासित भएका छन् ।

शनिबार राजधानीमै बसेको चार पार्टीको शीर्ष नेताको बैठकले गौतमलाई निष्कासन गरी अर्का सचिवालय सदस्य युवराज सफलको संयोजकत्वमा ११ सदस्यीय सचिवालय समिति गठन गरेको छ ।

नवनियुक्त सफलले भने, 'अभियानमा जोडिएर जाऔं भनियो । तर, पार्टी गठन गर्ने निर्णय भएपछि बामदेव कमरेड साढैं हुनुभएछ हाम्रा कुरा सुन्नै छाड्नुभयो । त्यसपछि हामीलाई संयोजक मन परेन हटायों यो लोकतान्त्रिक प्रक्रिया हो कसैले केही भन्नुपर्ने वा गुनासो गर्नुपर्ने केही छैन् ।'

नवगठित सफल नेतृत्वको सचिवालय सदस्यमा कृष्णगोपाल वञ्जरा, मीननाथ देवकोटा, नीलकण्ठ पौडेल, द्वारिका निरौला मानव, गुणबहादुर वञ्जरा, भरत कुमाल, भगवती ढकाल, सरस्वती न्यौपाने, तेजबहादुर कार्की र रोशन लामिछाने छन् ।

पार्टीबाट निकाल्दै गदा चार पार्टीले गौत्तममाथि गम्भीर आरोपहरु लगाएको छ ।

सांगठनिक अराजकता, निरङकुश, तानाशाही शैली, चरम अवसरवादी चरित्र र अराजनीतिक व्यवहार प्रस्तुत गरेको, अहंकारवादी सोच र एकलौटी निर्णय गरेको, जालझेल, छलछाम, षड्यन्त्र र तिकडमबाजी कार्यशैली अपनाएको, नेकपा एकता राष्ट्रिय अभियानमा आबद्ध दलहरुको आडमा शक्ति बनाई सो शक्तिको चरम दुरुपयोग गरी उल्लेखित शक्तिहरुलाई सिध्याउने गतिविधि गरेको र सम्पुर्ण बामपंथी तथा समाजवादी शक्तिलाई बृहत कम्युनिष्ट एकतामा जोड्ने योजना बमोजिम नेकपा एकता राष्ट्रिय अभियान गठन गरिएकोमा संयोजक गौतमले सो निर्धारित उद्धेश्य विपरीत अभियानलाई सत्ता, शक्ति, पद प्राप्तिको लागि बार्गेनिङको माध्यम बनाएको जस्ता आरोप गौत्तममाथि लगाइएको छ ।

वामदेव गौत्तम पक्षले नेकपा एकता राष्ट्रिय अभियानका संयोजकमा गौत्तम यथावत रहेको भनी निकालिएको भन्ने निर्णयको खण्डन गरेको छ ।

अभियानका प्रचार विभाग प्रमुख एवं सचिवालय सदस्य निमकान्त पाण्डेले विज्ञप्ती नै निकालेर युवराज सफलको राजीनामा स्वीकृत भएको उल्लेख गरेका छन् । अर्थात, पार्टी गठन नहुँदै खटपट देखा परेको छ ।

## अझै...

मलको अभाव तत्काल समाधान हुने उनले बताए पनि त्यसको उपाय भने बताउन सकेनन् । गत आर्थिक वर्षमा सरकारले मलमा १७ अर्ब अनुदान दिएको थियो भने आगामी आर्थिक वर्षका लागि १५ अर्ब छुट्याएको छ । तर, बढ्दो महंगीसँगै मलको खरिद मूल्य पनि आकाशिँदै जाँदा आगामी दिनमा रासायनिक मलको अभाव अझै बढ्ने विज्ञहरु बताउँछन् । गएको एक दशकमा मल खरिद गर्न ५२ अर्ब बजेट विनियोजन गरे पनि मलको अभाव भने टरेको छैन ।

## स्वतन्त्र ...

मेयरमा स्वतन्त्र उम्मेदवार निर्वाचित भएपछि स्वतन्त्र उम्मेदवार बन्न चाहनेहरु संगठित हुन खोजेका छन् । धरान लगायतका स्थानीय तहमा पनि स्वतन्त्र उम्मेदवार विजयी भए । राजनीतिक दलहरुप्रतिको वितृष्णा बढेकाले स्वतन्त्र उम्मेदवारले जित हात पार्ने आंकलन गरेर स्वतन्त्र उम्मेदवार बन्न चाहनेहरु संगठित रुपमै अगाडि बढ्न खोजेका हुन् ।

## मलेसियामा...

फर्केको र २ लाख ८२ हजार ५ सय ६१ जना फर्किने प्रक्रियामा रहेको बताएका छन् । मलेसियाले शुरू गरेको रिक्यालिब्रेसन कार्यक्रममा इन्डोनेशियाका कामदार ठूलो मात्रामा सहभागी भएका छन् । स्वदेश फर्किन डिपार्ट क्लियरेन्स पाएका उनीहरूमध्ये कतिपयले भिडभाडका कारण फ्लाइट छुटाउने समस्या देखिएको बताइएको छ ।

विमानस्थलमा भीड बढेर अवस्था अस्व्यस्त देखिएपछि विद्यार्थी युनियनका टोलीहरू उनीहरूलाई सहयोग गर्न खटिएको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । रिक्यालिब्रेसन कार्यक्रममा सहभागी नेपालीको संख्या मलेसियाले कामदार भित्र्याउने अन्य देशको तुलनामा अत्यन्तै थोरै रहेको बताइएको छ ।

## इजरायलका...

अस्पताल र ह्याम्स अस्पताल तोकिएका छन् । तोकिएका निजी स्वास्थ्य संस्थाले प्रति कामदार ८ हजार ९ सय रुपैयाँ स्वास्थ्य परीक्षण शुल्क लिने गरेका छन् । सरकारले श्रम समझदारी गरेर जीटुजीका माध्यमबाट पठाउने भए कामदार आफैंले मेडिकल शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ ।

विभागले स्वास्थ्य परीक्षण गराई सबैले कोरोना भाइरस (कोभिड-१९) विरूद्धका पूर्ण खोप लगाई खोप कार्ड तीन प्रति, रंगीन फोटो, पासपोर्ट पहिले जसरी विभागको इजरायल शाखाको इमेलमा पठाउनुपर्ने बताएको छ ।

विभागका अनुसार इजरायल जानेहरूले कोभिडविरुद्ध बुस्टर डोज लगाएको हुनुपर्नेछ । त्यस्तै कोभिड नभएको प्रमाणित हुने रिपोर्ट पनि साथमा ल्याउनुपर्ने छ ।

इजरायल जाने कामदारको हवाई टिकटका लागि करिब ७० हजार रूपैयाँ तिर्नुपर्छ । भिसा शुल्क तीन हजार लाग्छ भने भिसा अवधि पाँच वर्षको हुन्छ । कमाइ मासिक दुई लाख रूपैयाँ हाराहारी हुने विभागले बताएको छ ।

नेपाल र इजरायलबीच सरकारीस्तरमा भएको सम्झौतापछि वैदेशिक रोजगार विभागले ८ सय २१ जना महिला र ३ सय ५४ जना पुरूषको छनोट गरेको थियो । इजरायलको परराष्ट्र मन्त्रालयमा कर्मचारी युनियनको आन्दोलनका कारण छनोट भएका कामदार पनि लामो समय बित्दा पनि इजरायल जान पाएका छैनन् । हालसम्म २ सय ९७ जनामात्र इजरायल गएका छन् ।

छनोट सूचीका अन्य कामदार जान नपाउँदै इजरायलको परराष्ट्र मन्त्रालयका कर्मचारीहरु आन्तरिक विषयमा विवाद भई आन्दोलनमा उत्रिँदा भिसा प्रक्रिया बन्द भएको थियो ।

## गर्मीका...

१० देखि दिउँसो ३:३० बजेसम्म बाइक डेलिभरीमा रोक लगाएको हो ।

सरकारले बढ्दो गर्मीका कारण विभिन्न क्षेत्रमा दिउँसो काम गर्न प्रतिबन्ध लगाउँदै आएको छ । जारी नियम अनुसार अब खाना डेलिभरी गर्न कम्पनीहरूले बाइकको विकल्पमा कारको प्रयोग गर्नु पर्नेछ । कतारमा थुप्रै नेपालीहरू बाइक मार्फत डेलिभरीको काम गर्ने गर्छन् ।

मन्त्रालयले जून १ देखि सेप्टेम्बर १५ सम्म विहान १० देखि दिउँसो ३:३० बजेसम्म बाहिर निस्कन तथा कामदारलाई काममा लगाउन प्रतिबन्ध लगाइसकेको छ । कामदार र श्रम निरीक्षक निरीक्षण गर्न आएको बेला सजिलै देख्ने गरी कार्य समय तालिकाको सूचना टाँसिएको हुनुपर्ने मन्त्रालयले जनाएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. ५६८५५** को **कसमस इन्स्टिच्युट प्रा.लि.** को मिति २०७७/०८/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटर: राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
फोन नं. ०१-४३६०२७५, ९८५१०६८४११, ईमेल : clnpservice@gmail.com

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**

# Pushpalal (Mid Hill) Highway Project Directorate

**Budhhanagar, Kathmandu**

## Invitation for Bids

**(IFB No: 12-078/79)**
**Date of Publication: 2079/03/19 (3 July, 2022)**

1. Pushpalal (Mid Hill) Highway Project Directorate, Budhhanagar, Kathmandu invites Open Competitive Bidding (Single Stage Double Envelope Bids) from eligible bidders under NCB procedures for the construction of works as given in table below:

| S.N. | Contract Identification No./Work Description | Av Annual Construction Turnover (NRs) | Specific Experience Requirements | Bid Capacity (NRs) | Bid Security Amount & Validity Period (NRs) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | MIDHLPD/337011144/078/79-207 Construction of Ghatte Khola Bridge along Rakathum Jordhara Road, Kavrepalanchok | 67 million | As stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 60 million | 1.5 million & 120 days from the date of bid opening | 5000 |
| 2 | MIDHLPD/337011144/078/79-305 Construction of Khahare Khola Bridge along Sundarbazaar Bhorletar Road, Lamjung | 37 million | | 33 million | 0.8 million & 120 days from the date of bid opening | 5000 |
| 3 | MIDHLPD/337011144/078/79-406 Construction of Tamadi Khola Bridge along Pokhara Baglung Road, Parbat | 67 million | | 60 million | 1.5 million & 120 days from the date of bid opening | 5000 |
| 4 | MIDHLPD/337011144/078/79-504 Construction of Kachraute Khola Bridge along Belkhet Binayak Mangalsen Bayalpata Road section, Achham | 69 million | | 69 million | 1.7 million & 120 days from the date of bid opening | 5000 |

2. **Submission and Opening of Bids: Last date and time of Submission:** 2079/04/17 (2nd August, 2022) @ 12:00 and **Opening**: 2079/04/17 (2nd August, 2022) @ 13:00
3. **Information to deposit the cost of bidding document (Bid Document Fee):** Rastriya Banijya Bank, Teku in Office Name of Pushpalal (Mid Hill) Highway Project Directorate with Office Code No 337013509. Revenue Account No: 14229 Office Revenue Head No:1000200010000
4. **Information to deposit the Bid Security Amount:** Nepal Rastra Bank, Thapathali,Office: Pushpalal (Mid Hill) Highway Project Directorate,Deposit Account No: 1201200001002524.
Eligible Bidders may obtain further information at Pushpalal (Mid Hill) Highway Project Directorate, Budhhanagar, Kathmandu, (Tel.: 01-4795670, Fax: 01-4794830) or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

*Project Director*

# आयातित खाद्यान्नले कुपोषणको समस्या

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १८ असार



दैलेखमा स्थानीय रैथाने बालीको संरक्षण र प्रवर्द्धन नहुँदा कुपोषणको समस्या देखा पर्न थालेको छ । स्वास्थ्य सेवा कार्यालय, दैलेखले नौमुले गाउँपालिकामा आयोजना गरेको 'स्थानीय रैथाने पोषक खाद्य वस्तुको प्रवर्द्धन सम्बन्धी' अभिमुखीकरण कार्यक्रमका सहभागीहरुले रैथाने बाली लोपोन्मुख हुँदा आयातित खाद्यान्नको परनिर्भरताले कुपोषण हुनेको संख्या बढ्दो क्रममा रहेको बताएका छन् ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष छवि सुवेदीले गाउँघरमै पाइने खाद्यवस्तुको सही प्रयोगबाट पोषणको स्थिति सुधार गर्न सकिने बताए । कुपोषणका बारेमा आम नागरिकलाई जानकारी नहुँदा अभिभावककै लापरबाहीले धेरै बालबालिकालाई कुपोषण हुने गरेको उनको भनाइ थियो ।

यस्तै स्वास्थ्य कार्यालय दैलेखका नन्दराम रेग्मीले सन्तुलित खानेकुराको अभावमा ५ वर्षमुनिका बालबालिकामा अधिक पोषण, न्यून पोषण, मोटोपन, पुड्केपन, ख्याउटे, कमतौल र सुकेनाशजस्ता समस्या देखिएको बताए । उनका अनुसार पोषिलो खानाको अभावमा कर्णालीमा कुपोषणको समस्या धेरै रहेको छ ।

कार्यक्रममा खाना र पोषण, हरबार खाना चार, महिलाहरुको लागि न्यूनतम खाद्य विविधता, किशोरी, गर्भवती र सुत्केरीका लागि पोषण, सुनौलो हजार दिन तथा स्तनपान, प्रजनन स्वास्थ्य, खानेपानी सरसफाइ, पोषण, बगैंचा, स्थानीय बाली, वस्तु र पोषिलो परिकार, जंक फुड लगायतका विषयमा जानकारी गराएको थियो ।

जिल्लामा पाइने कोदो, फापर, जौ, मकै, उवा, फापर, जुनेलो, चिनो, कागुनो, लट्टे, बेथे, मास, मस्याङ्ग, सिमी, बोडी, मिर्के सिमी, घैया धान, साना दाना लगायतका रैथाने बाली पछिल्लो समय उत्पादन घट्दो क्रममा रहेको छ । कार्यक्रममा जनप्रतिनिधि, गाउँपालिकाका कर्मचारी, पत्रकारलगायतको सहभागिता रहेको थियो ।

# सगरमाथा सामुदायिक सिकाई केन्द्र चन्द्रौटाको अध्यक्षमा उपाध्याय

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, १८ असार

सगरमाथा सामुदायिक सिकाई केन्द्र चन्द्रौटाको अध्यक्षमा मणिराम उपाध्याय चयन भएका छन् । शिवराज नगरपालिका ५ दुर्गा मन्दिरमा शनिबार भएको दोस्रो साधारणसभा तथा पहिलो अधिवेशनले उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

सिकाइ केन्द्रको उपाध्यक्षमा शुभावती केवट, सचिव प्रेमकला पौडेल, सहसचिव कविता आचार्य, कोषाध्यक्ष बबिता थरुनी र सदस्यहरूमा खिमकला घिमिरे, बालकुमारी घिमिरे, विमला न्यौपाने र तौलेश्वरप्रसाद चौधरी सर्वसम्मत रूपमा चयन गरिएको छ ।

कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य अर्जुन कुमार केसीले सिकाईले आगामी दिनमा समाज रूपान्तरण र शिक्षाको क्षेत्रमा नयाँनयाँ कार्यक्रम ल्याउनका लागि आग्रह गरे ।

सिकाई केन्द्रले आगामी दिनमा संचाल गर्ने पुस्तकालयबाट ज्ञान आर्जन, युवालाई कुलतमा लाग्नबाट जोगाउन र अध्ययनशिल बनाउनमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

यस्तै शिवराज नगरपालिका नगर उपप्रमुख शिवकुमारी थारुले नगरको स्रोत केन्द्रको भवन निमार्णको चरणमा रहेको र



त्यसको निमार्ण पश्चात् त्यहाँ पुस्तकालय राखिने बताइन् । पढ्न इच्छुक व्यक्तिले पुस्तकालयबाट चाहेको पुस्तक अध्ययन गर्न सक्ने उनको भनाइ थियो । सिकाई केन्द्रले गरेका कामहरू पारदर्शी रूपमा देखाएको बताउँदै आगामी नेतृत्वले संस्थालाई अझ सशक्त बनाउने उपप्रमुख थारुको विश्वास थियो ।

कार्यक्रममा संस्थालाई योगदान गर्ने विभिन्न व्यक्तिहरूलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो । व्यापार संघ केन्द्रीय सदस्य एवं जिल्ला अध्यक्ष महादेव पोखरेल, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान कपिलवस्तु जिल्ला सभापति विष्णु प्रसाद खतिवडा लगायतले नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

त्यस्तै कार्यक्रमका अध्यक्ष विष्णुप्रसाद अधिकारेले सिकाई केन्द्रले छिट्टै आफ्नै भवनको व्यवस्था गर्ने जानकारी दिए ।

निर्वाचित भएको प्रमाणपत्र ग्रहणपछि बोल्दै नवनिर्वाचित अध्यक्ष मणिराम उपाध्यायले संस्थाको हित र विकासका लागि विगतमा समेत योगदान गरेर अनुभव बटुलेकालाई साथमा लिएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।


## मलेसियामा रोजगार

कम्पनी : MAPEI MALAYSIA SDN.BHD.
शहर : SELENGOR

पूर्व स्वीकृत मितिः २०७९/०३/१८ चलानी नं.: ६०१८२२८८ LT. No.: 266317

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २६ गते (10 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com


# प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

## म्हेन्दोमाया समाज कतारको अध्यक्षमा सञ्जय तामाङ



म्हेन्दोमाया समाज दोहा कतारको तेस्रो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले सञ्जय डिम्दुङ तामाङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । समाजका अध्यक्ष प्रकाश मम्बा तामाङको अध्यक्षता तथा तामाङ समाज कतारका अध्यक्ष सुवास तामाङको प्रमुख आथित्यमा सम्पन्न अधिवेशन दुई चरणमा सम्पन्न भएको थियो ।

नव निर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्ष गुर्व लामा, द्वितीय उपाध्यक्ष मोइराम तामाङ, सचिव गणेश रुम्बा तामाङ, सह सचिव गंगा सिंह तामाङ, कोषाध्यक्ष राम थोकर, सहकोषाध्यक्ष भीम मम्बा तामाङ रहेका छन् । कार्यसमितिका सदस्यहरूमा कुसुम लोप्चन, सोमन दोर्जे पाखिन, प्रदीप थिङ तामाङ, नवराज बोम्जन, मान बहादुर तामाङ, अस्मिता तामाङ, अशिका तामाङ, सबिन तामाङ (सानो गोर्खे), चित्र बहादुर तामाङ र सिजन तामाङ रहेका छन् । निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक तेज मोक्तान तामाङले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

कार्यक्रममा बोल्ने वक्ताहरूले भाषा धर्म, लिपी, भेसभुसा, संस्कार र संस्कृति बहुमूल्य सम्पत्ति रहेको बताउँदै यसको संरक्षण गर्न सबै लाग्नुपर्नेमा जोड दिए । उनीहरूले अधिवेशनबाट बन्ने नयाँ कार्यसमितिलाई बधाई सहित शुभकामना प्रकट गरेका थिए । श्रीचन तामाङ, सुन्दर मोक्तान तामाङ, श्रृस्टी श्रेष्ठ, मुस्कान तामाङलगायतले कार्यक्रममा आफ्ना साङ्गीतिक प्रस्तुति दिएका थिए ।

अधिवेशनको खुल्ला सत्रको उद्घाटन लामा गुरुलगायतबाट दीप प्रज्वलन गर्दै गरिएको थियो । प्रथम उपाध्यक्ष गौतम तामाङको स्वागत मन्तव्य, शुक बहादुर तामाङले म्हेन्दोमायाका बारेमा प्रकाश पार्दै संस्था स्थापना गर्नको उद्देश्य र प्रचलित म्हेन्दोमाया सँस्कृतिलाई जगेर्ना गर्दै सबै तामाङ बस्तीहरूमा फैलाउनु पर्नेमा जोड दिएका थिए ।

## नेपाल मगर संघ कतारको २२ औं वार्षिकोत्सव सम्पन्न



नेपाल मगर संघ कतार शाखाले नवौं राष्ट्रिय मगर भेला तथा २२औं वार्षिकोत्सव कार्यक्रम विभिन्न कार्यक्रमका साथ सम्पन्न गरेको छ । संघका अध्यक्ष विवेक पुलामी मगरको अध्यक्षता तथा जनजाति महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

भेलामा कतारमा स्थापित थुप्रै संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको सहभागिता रहेको थियो । २२ वर्ष पहिले स्थापना भएको संघले वास्तवमै आफ्नो अस्तितव तथा अधिकारको लागी अग्रणी स्थानमा रहेर कार्यसम्पादन गरेको वक्ताहरूको भनाइ रहेको थियो । शुभकामना राख्ने वक्ताहरूले कतारमासमेत मगर संघले हरेक क्रियाकलापमा अग्रस्थानमा रहँदै आफ्नो संस्कार संस्कृतिको रक्षार्थ विभिन्न गतिविधि निरन्तर सञ्चालन गरिरहेकोप्रति प्रशंसा गरेका थिए ।

भेलामा बोल्दै प्रमुख अतिथि सुनुवारले विभिन्न समयमा राष्ट्रिय विभूति लखन थापाको सरकारबाटै अपमान हुने गरेको बताउँदै जनजाति तथा विभिन्न समुदायहरू आफ्नो हकहितका लागी एकताबद्ध रूपमा लाग्नु पर्ने बताए । नरेश सिञ्जाली मगरले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष मगरले २२ वर्षसम्म संस्था सञ्चालनका लागी विभिन्न क्षेत्रबाट सहयोग गर्ने सबै प्रति कृतज्ञता व्यक्त गरेका थिए ।

भेलाको उद्घाटनसँगै सभाध्यक्ष, प्रमुख अतिथि, तथा २०२२-२३ का मगरहरूका राजालाई फेटाद्वारा सम्मान गर्दै कार्यक्रमलाई अगाडि बढाइएको थियो ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०४/०७ मा दर्ता भएको **प्रा.लि. नं. ४६९५९** को **ग्लोवल ग्रेड ब्याण्ड नेटवर्क प्रा.लि.** को मिति २०७९/०२/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०१/०९ मा दर्ता भएको **प्रा.लि. नं. १३४९८७** को **कैलास मोटर्स प्रा.लि.** को मिति २०७९/०१/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०३/१९
यस कम्पनीको मिति २०७८/११/२५ मा सम्पन्न विशेष साधारणसभाको बमोजिम साबिक कम्पनी **हाई-आर्ट नेपाल प्रा.लि. (प्रा.लि. नं. ९७१४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **माण्डु मो प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**अनलाइन पत्रिका बन्द हुने सूचना**

यस www.dailyonlinemedia.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरि बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केहि लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा समर्क गरि हिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं ।

www.dailyonlinemedia.com
परिवार-९८५११९८९४५

**अन्तर्वार्ता मिति परिवर्तन सूचना**

प्रस्तुत सम्बन्धमा यस परी ओरसिज प्रा.लि ले मलेसिया स्थित CS ECO GLASS M SDN BHD मा आवश्यक कामदार पठाउनको लागि मिति २०७९/०३/१० गते पुर्व स्वीकृती लिइ २०७९०३/१७ गते सम्म प्री अन्तर्वाता गरि २०७९/०३/१८ गते फाइनल अन्तर्वार्ता हुने भनिएकोमा उक्त दिन शनिबार परेको हुँदा १८ गते भनियको फाइनल अन्तर्वार्ता २०७९/०३/१९ गते सारिएको जानकारी गराउदछौं । यसबाट सेवाग्राहिमा पर्न गयको अशुविधाप्रति क्षमा प्रार्थी छौं ।

श्रम इजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt.Ltd.**
Sinamangal, Kathmandu Tel: 014490447,014490448
Email:parioverseas1177@gmail.com

## साउदीमा रोजगार

कम्पनी : FISHON RESTAURANTS CO., LTD
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/११/१२ चलानी नं.: ६०१७५०४३ LT. No.: 258602 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | स. काममा दक्ष | 2200 | ७३,९८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असार २६ गते (10 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALC KOUJI CO LTD शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०७९/०३/०२ चलानी नं.: ६०१८१३१४ Lt. No.: 264329

| सि. न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WELDER | 3 | 175000 | १६३,१०० | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छैन | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २६ गते (10 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १५,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु १५,०००।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

**A.N.S. ASSOCIATES PVT. LTD.**
**ए.एन.एस. एशोसिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179, 9851119764 E-mail : ansassociates75@gmail.com | Website : www.ansassociates.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१९ असार २०७९, आइतबार
3 July 2022, Sunday

सम्पादकीय

# निशानामा निमुखा

शुक्रबार बालुवाटारको सडकमा नगर प्रहरीले फुटपाथ व्यावसायी हटाएको तस्वीरले काठमाडौँ महानगर पालिकाका मेयर बालेन्द्र शाहको चर्को आलोचना भइरहेको छ । नगर प्रहरीले ठेलागाडामा मकै पोलेर बेच्नेलाई हटाइरहेको तस्वीर शेयर गरेर सामाजिक सञ्जालमा मेयर शाहले प्रतिबद्धता बिर्सिएको टिप्पणी भइरहेको छ । मेयर बन्नुअगाडि शाहले गाएको गीतको पार्श्व गीत पनि यतिबेला सम्झिएको छ । उनले र्‍याप गाउँदा पार्श्वमा बलिदान चलचित्रको 'गरीबको कोही छैन बोल्दिने' गीत गाइएको थियो । सामाजिक तथा राजनीतिक बेथितिविरूद्ध गाएको उनको गीत र बलिदान चलचित्रको त्यो पार्श्व गीतको खुबै प्रशंसा भएको थियो । राजधानी उपत्यका समेत रहेको काठमाडौँका मतदातालाई मन परेका मध्ये त्यो गीत पनि एक थियो ।

शाहले सत्ता गठबन्धन र नेकपा एमालेका बलिया उम्मेद्वार पराजित गर्दै मेयर जितेपछि उनीप्रति अपेक्षा चुलिदो छ । त्यस्तै अपेक्षा गर्ने मध्ये सडक किनारामा जिविका गरी खाने वर्ग पनि पर्छन् । तर तिनै सडक किनारामा भविष्य देखिरहेकाहरू महानगरको निशानामा परेका छन् । नगर प्रहरीले फुटपाथमा गरिरहेको व्यवसाय उठाएका छन् । गरीब मजदुरको चित्कार सुनेका छैनन् । कतिपयले भने मेयर बालेनको पक्ष लिएर फुटपाथमा व्यापार गरिरहेकाहरूलाई गाली गरिरहेका छन् । शुक्रबार नै महानगरले विज्ञापन प्रकाशन गरी राजधानी उपत्यकामा माग्ने निषेध गर्ने सूचना पनि जारी गरिएको थियो । धार्मिक बाहेकका माग्ने निषेध गर्ने महानगरको निर्णय पनि आलोचित छ । निषेध गर्ने मात्रै नभएर विकल्प दिने समेत राज्यको दायित्व भएको उनीहरूको तर्क छ ।

तर महानगरले भने सडक छेऊका ब्यापारदेखि मागेर गुजारा चलाउनेलाई हटाउने समेत देखिएको छ । हुन महानगरले मात्रै नभएर हरेक नयाँ सरकारको निशानामा यिनै सडक किनाराका नागरिक पर्ने गरेका छन् । सडक छेऊमा व्यापार गर्नेलाई उठाउने, तर उचित विकल्प नदिने नजीर पुरानै हो । यसले हरेक नयाँ सरकार बन्नु भनेको सडक किनाराका नागरिकका निम्ति नयाँ संकटको सामना गर्न हो । काठमाडौँ महानगरले गैरदलीय मेयरबाट पनि त्यही समस्या भोग्नुपरेको छ । जबकी प्रशासकले गर्नपर्ने चाहिँ सडकमा देखिने यस्ता समस्या हटाउन रोजगारीका निम्ति विकल्प सिर्जना गर्नुपर्ने हो । सडक किनारामा बस्नेहरूलाई सीप सिकाउने र उत्पादक क्षेत्रमा लगाउने, निशुल्क वा कम शुल्कमा व्यापारका निम्ति ठाउँ खुला गरिदिने जस्ता विकल्प विकास गरिनुपर्ने हो ।

# तेलमा राजनीति

*पछिल्लो तथ्यांकलाई हेर्दा, पेट्रोल महँगो बेच्नेमा नेपाल विश्वको ७९ औँ देशमा पर्दछ । आर्यआर्जनमा कमजोर भएको नेपालले तेल भने अमेरिकी स्टाण्डर्डको खरिद गर्ने रहेछ । त्यसको विकल्प नअपनाइएको कारण पनि जनताहरु सधैँ महँगीको मारमा परिरहेका छन् ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशमा सबै क्षेत्रमा राजनीति छ । वायु सेवा, पर्यटन बोर्ड, आयल निगम, खानेपानी, मेलम्ची, फोहोर व्यवस्थापन केही छुटेको छैन । सडक, विमानस्थल त्यो पनि अन्तर्राष्ट्रिय नीजगढ विमानस्थलमा पनि राजनीति छ । भनौँ यहाँ रोगमा राजनीति, शोकमा राजनीति र भोकमा पनि राजनीति छ । पछिल्लो समय पेट्रोलियम पदार्थमा भएको राजनीतिले बजार भाउ, सवारी साधन, ढुवानी खर्चमा मात्रै होइन सिँगो नेपाली जिब्रो सुकेको अवस्था छ । संसारकै धेरै पानी भएको देशमा संसारकै महँगो बिजुलीको मूल्य छ । अब त संसारकै बढी मूल्यमा बेचिने पेट्रोलियम पदार्थ पनि भएको छ । जुन देशमा यसको कच्चा तेल उत्पादन हुन्छ, नेपाली ३ रुपैँया पनि पर्दैन । सरकार विचौलियाको मुख ताकेर बस्छ, चुनावमा गरेको लगानी व्यापारीहरुले उठाउनै पर्ने हुन्छ । महँगो पेट्रोलको भाउ जो कोहीले तेल हाल्नै सकेनन्, हल्ला हुन्छ ठूलो घटाएको भनेर तर, फेरि बढाइन्छ । जब मूल्य बढ्दै जान्छ, कर पनि बढ्दै जान्छ । यो अचम्मको ढाड सेक्ने नियत आम नेपाली माझ ।



सरकारले डिजेल र पेट्रोलमा भन्सार शुल्क र मूल्य अभिवृद्धि कर नै किनेको मूल्य जति लिने गरेको छ । अहिलेसम्म उठाएको विभिन्न शीर्षकका करबाट के व्यवस्था गरियो ? स्पष्ट छैन । बाध्यता छ, एकैछिन यिनको अभाव भए सबैको ओठ मुख सुक्छ । विकल्प छैन । केही समयअघि घटाइएको भनिएको मूल्यमा कति प्रतिशत कुन शीर्षकमा कर घटाइयो, उपभोक्तालाई जानकारी गराइएन । सूचनाको हक नै कहाँ छ र यहाँ । एमसीसी र एसपीपीमा जनताले राम्रो सूचना कहाँ पाए र ? हुन्छ भन्नेले नै किन हुन्छ भनियो, कहिलेदेखिलाई हुन्छ भनियो थाहै भएन । ३ घण्टाअघि हुन्न भन्नेहरु हुन्छ भन्दै थिए । यहाँ जिम्मेवारीबोध र पारदर्शिता भएन । यो लोकतन्त्र यसरी नै चलेको लामो समय भइसक्यो । अब जनता आत्तिएका छन्, हरेक दिनको समाचारमा सुनिन्छ आयल निगम घाटामा छ रे ! यति अर्ब तिर्न बाँकी छ रे ! त्यही संस्थामा अनेकौँ भत्ता किन ? त्यही संस्थामा राजनीतिक भर्ती केन्द्र किन ? त्यही संस्थाले सरकारलाई अर्बौं अर्ब राजस्व तिर्नुपर्ने किन ? उसले तिर्ने राजस्व जनताको थाप्लो ठटाएर लिने हो । उसको काम सेवा दिनेभन्दा नाफा कमाउने छ र त पुरानो मूल्यमा उठाएको तेलको केही घण्टाभित्रै नयाँ थेग्नै नसक्ने भाउले बिकी गर्छ । मौज्दातको हिसाबै हुन्न र हप्तैभरिको खबरले आमसञ्चार भरिन्छ ७० र ३० को कमिशनको खेल भनेर ।

पछिल्लो तथ्यांकलाई हेर्दा, पेट्रोल महँगो बेच्नेमा नेपाल विश्वको ७९ औँ देशमा पर्दछ । आर्यआर्जनमा कमजोर भएको नेपालले तेल भने अमेरिकी स्टाण्डर्डको खरिद गर्ने रहेछ । त्यसको विकल्प नअपनाइएको कारण पनि जनताहरु सधैँ महँगीको मारमा परिरहेका छन् । वैकल्पिक विद्युतको सम्भावनामा ध्यान दिइएन । बरु विकल्पको रुपमा विद्युत् पनि बेच्ने धनी अमेरिकी एमसीसी बोलाइयो । राजनीति र लोकतन्त्र बोकेका यहाँका मानिसहरुले अमेरिकालाई सधैँ ढोग भेट गर्नुपर्ने भएर, नाता, वैवाहिक साइनो, रोइलो ज्यादा छ उता र पश्चिमा देशतिर । अनि निहुरमुन्टी न हुनुको विकल्प भएन । दैलो दैलोमा विदेशीहरुले चाहार्ने गरेका छन् आजभोली । लादिएको संघीयता र गणतन्त्रप्रति नेताहरुलाई इमानदारिता देखाउनु परेको छ । देश श्रीलंका जस्तै टाट पल्टिए पनि कसैलाई चासो छैन । यदि चासो थियो भने यत्राविधि संयन्त्र किन र यति ठूलो चुनावी खर्च देशमा किन ? खर्बौं रकम खर्चिएको छ एक थान संविधान बनाउन । ३ सय प्रतिशतसम्म मूल्यवृद्धि हुँदा चूपचाप छ, केवल चिन्ता सत्ता टिकाउने को कसलाई फेरि मन्त्री बनाउने, को कसलाई राजदूत वा जिएम बनाउने मात्र । एक वर्षमा ६४ प्रतिशतले पेट्रोलको मूल्य बढाउने देशमा ३ वर्षपछि बल्ल १५ प्रतिशतको तलब वृद्धि हुने हल्ला हुन्छ । तलब वृद्धिले आम नेपालीलाई सकारात्मक प्रभाव पर्दैन, केवल ५/६ लाख सम्बद्ध व्यक्तिलाई थोरै राहत मिल्छ ।

आज भेनेजुयलाले आफ्ना नागरिकलाई ०.०२२ डलर प्रतिलिटरमा पेट्रोल दिएको दिँदा नेपालीले भने त्यसको कयौँ गुणा महँगोमा खरिद गर्न बाध्य छ । संसारकै महँगो पेट्रोलको मूल्य हङकङ झैँ भइदेला अब, त्यहाँको मूल्य २.९८ डलर र डिजेल प्रति लिटर २.८६१ डलर रहेछ । भारतमा १.३७ डलर प्रति लिटर पेट्रोलको मूल्य छ भने डिजेलको मूल्य प्रतिलिटर १.१८२ डलर छ । भने नेपालमा पेट्रोल १.४२१ प्रति लिटर छ । जुन निकै विरोध पछि घटाइएको मूल्य हो । नेपालमा हाल डिजेलको मूल्य प्रतिलिटर १.२९४ डलर छ । नेपालमा भन्दा भुटानमा पेट्रोलियम पदार्थको मूल्य निकै सस्तो छ । सानो अर्थतन्त्रको देश भइकन पनि भुटानले नेपालले भन्दा ०.२५७ डलर अर्थात् लिटरमा ३२ रुपैयाँ सस्तो छ । भुटानमा प्रतिलिटर पेट्रोलको मूल्य १.१६४ डलर छ भने डिलेज प्रतिलिटर १.३८२ डलर छ ।

> *सरकारले डिजेल र पेट्रोलमा भन्सार शुल्क र मूल्य अभिवृद्धि कर नै किनेको मूल्य जति नै लिने गरेको छ । अहिलेसम्म उठाएको विभिन्न शीर्षकका करबाट के व्यवस्था गरियो ? स्पष्ट छैन । उपभोक्ताले पाउनुपर्ने सामान्य अधिकारलाई पनि कुल्चदैं सरकारले मनपरि मूल्य लिने गरेको छ ।*

टाट पल्टीएको घोषणा गरेको श्रीलंकामा पछिल्लो साता पेट्रोलियम पदार्थको मूल्यमा केही बढोत्तरी भएको छ । नत्र भुटानमा पेट्रोलियम पदार्थको मूल्य नेपालमा भन्दा निकै सस्तो थियो । अहिले त्यहाँ पेट्रोल प्रतिलिटर १.५२८ डलर पर्दछ भने डिजेलको प्रतिलिटर मूल्य १.२७८ डलर पर्दछ । श्रीलंकामा सरकारले ठूला सवारीमा समस्या नहोस् भन्नका लागि डिजेलको मूल्यलाई बढाएको छैन ।

विश्वमा औसत मूल्य पेट्रोल र डिजेलको १८० र १७२ रुपैयाँ हो । भेनेजुयलामा सबैभन्दा सस्तो पेट्रोल, डिजेलको रु ३ नै नपर्ने, भेनेजुयलाभन्दा पनि सस्तो डिजेल इरानमा रु २ नै नपर्ने, भेनेजुयलापछिको सस्तो भनेको लिविया र इरान जहाँ रु ४ भन्दा बढी मूल्य नपर्ने भनौँ रु ७ पेट्रोलको र रु १.५० डिजेलको मूल्य एक अध्ययनले देखाएको छ । कोरोना कालमा गाडी गुडेनन्, मूल्य ह्वात्तै घटेको थियो । यहाँ पनि सवारी साधनका चक्का कुहिने गरी बन्द भयो तर, तेलको मूल्य घटेन । उल्टो बढाइयो, त्यसैले नागरिकहरुले अभिभावक नभएको महसुस गरे । सरकारप्रति विश्वास गरेनन् । सर्वसाधारणको चूलो जल्ने ग्याँसमा लाज नमानी प्रति सिलिण्डर सरकारले रु.३२७ कर लिन्छ अनि भन्छ आयल निगम सधैँ घाटामा छ भनेर, यो कर छुट गर्नुपर्ने होइन र ?

चुनाव सकिनासाथ अब जनता चाहिँदैन भनेर मूल्य बढाइयो र बालेन, हमाल, हर्क, रबिहरुले आफ्नो उपस्थिति देखाउन खोजेका छन् । व्यापारी र राजनीतिकर्मीको दूरी अहिलेकै अबस्थामा हुने हो भने अब नेपालीहरुले लगातार आत्महत्या गर्नु बाहेक के छ औषधि ? कति छ विदेशी ऋण र आन्तरिक ऋण, कति छन् पाल्न पर्ने संयन्त्रहरु, नेपालीले कसरी धान्ने, चामल किन्न नसक्नेको आँसु पिएर नेता मोटाउने देशमा मर्नु बाहेक के विकल्प छ त ? आय आर्जन छैन, शिक्षा र स्वास्थ्यको व्यापार थाहै छ, बीमा नीति पनि व्यापारिक भयो भन्नेहरु कम छैनन् । वृद्धभत्ताले चूलो जलाउन पुग्दैन, त्यो पनि सबैलाई छैन । कृषि उब्जनी छैन । धान रोपाइँ असार १५ सम्म जम्मा ७ प्रतिशत कसरी हुन्छ देश र जनताको भविष्य उज्जल ? जब कि रासायनिक मल सधैँ हाहाकार छ । देशमा १ खर्बको खाने तेलमात्रै आयात हुन्छ अनि व्यापारघाटा कम हुन्छ र, विदेशी मुद्रा सञ्चिति पनि त हुन्न, बिजुली गाडीमा किन भन्सार दर बढाइयो, स्यानिटरी प्याड यहीँ बन्छ तर, ९० प्रतिशत भन्सार छुट किन गरियो आयात गर्दा ?

हो पेट्रोल, डिजेल अधिक बिकी हुन्छ यहाँ र सरकारले यसलाई आम्दानीको रुपमा हेरेको छ । यसैबाट कर उठाई झण्डै ११ प्रतिशत बढी राजस्व उठ्नु भनेको राजस्वको हिसाबले राम्रो मानिए पनि यो जनताको ढाड सेकाइ नै हो । यस्ता वस्तुको आयात प्रतिस्थापन गर्ने तर्फ कुनै सरकारको पनि ध्यान गएन । पाइप लाइनबाट इन्धन आपूर्ति गर्ने वर्षौ समयको प्रतीच्छा भयो, यसो गर्दा ढुवानी कम हुन्छ भनियो, भएन । स्थीरिकरण कोष खडा गर्दा मूल्य र अभाव कम हुन्छ भनियो भएन । अब ग्याँस सिलिण्डर २ थरिको नाटक मन्चनको अवधारणा आएको छ । जुन पहिले लागु भएर नसकेर पूर्ववत् अवस्थामा फर्किएको हो । साविकको भारतीय बरौनी डिपो बन्द गरी पाइप लाइनबाट डिजेल आपूर्ति गर्दा मासिक २ करोड नोक्सानी बचेको भनियो । नेपाल भारतको तापकम असन्तुलनको कारण सविकमा यस्तो नोक्सानी व्यहोर्दै आएको र अब यस्तो समस्या नरहेको, त्यस क्षेत्रमा सञ्चालित टैंकरहरु अन्यत्र प्रयोग भएको, ढुवानी सहज भएको, रक्सौल बीरगन्जको जाममा फस्नु नपरेको र पाइप लाइनबाट शुरूमा प्रतिघण्टा १७० कि.लि. डिजेल आपूर्ति भएकोमा पछि १९० किलि प्रति घण्टा पुगेको पनि निगमले फूल बुट्टा भरेको थियो जनता भुक्याउन मात्रै रहेछ यो । ढुवानीमा सहज भनिरहँदा पनि निगमले पहिलेकै परम्परा अनुसार महिनामा ४/५ पटकसम्म भाउ बढाउन भ्याइसकेको छ । हरेक वर्ष इन्धनमा आयात बढ्दो कममा भएको र यसको विकल्प अझै खोजिएको छैन । ग्याँसको भाउ पनि ढाड सेक्ने गरी बढेको छ आयात पनि बढेकै छ, भान्सामा विजुली बढाउन भनिएको छ, तर मूल्य त्यसको पनि धेरै महँगो छ, भूटानको भन्दा बढी, स्वदेशी उत्पादन भनिए पनि भाउ विदेशी इन्धनभन्दा महँगो छ ।

अर्थशास्त्रकै दृष्टिले हेर्नुपर्दा पनि वितरण शब्दले तमाम राष्ट्रका आम जनता सामु राष्ट्रको आयलाई कसरी वितरण गर्ने भन्ने कुरा बुझिन्छ । समान वितरण भन्नु धनी र गरीबबीचको दूरीलाई कम गर्नु पनि हो । अर्थशास्त्रीहरुकै अर्थमा वितरण भन्नाले वस्तु या सेवा उत्पादन गर्ने कुनै इकाइले उत्पादन गरेको वस्तु या सेवा बिक्रीबाट प्राप्त आयलाई उत्पादनकै साधनहरु बीच बाँडफाँड गर्ने कुरासमेत बुझिन्छ । संक्षेपमा भन्नु पर्दा बस्तु या सेवाको बिक्रीपछि प्राप्त आय उत्पादनका साधनहरुको योगदान मुताबिक ज्याला, व्याज र नाफाको रुपमा बाँडफाँड गर्ने कुराको अध्ययन समेतलाई वितरण भन्ने बुझ्नु पर्ने हुन्छ । अझ समाजवादको कुरा गर्ने हो भने फरक मत आउन सक्छ तर यहाँ जनताको, उपभोक्ताको जनजीविकाका विषयमा कसैले ध्यान दिएको अबस्था छैन । संसारमा जनसंख्याको तीव्र बृद्धिसँगै वस्तु र सेवाको पनि बृद्धि आवश्यक हुन्छ । ठूलास्तरमा पूँजीको संचालन ठूला संघ संस्था, संगठनहरुको बृद्धिको साथै गुणस्तरीय सेवा बृद्धिको पनि त्यतिकै खाँचो पर्छ । तर यहाँ त्यसो भएन । नेपालमा बाध्यात्मक अवस्था छ, यो प्रायोजित अवस्था हो । गुणस्तरको विषय त थप चुनौती छँदैछ । मिसावटको नियन्त्रण समस्यादेखि डिलरहरुको ऐक्यवद्धताको कारण इन्धन आपूर्तिमा सेवाग्राहीहरु थप मारमा परेका छन् ।

## सामाजिक सञ्जाल




- केशव दाहाल

ब्रो ! सहरमा पार्क बनाउ, सडक बनाउ, गगनचुम्बी घर बनाउ या साहेबहरूलाई रमाउन क्लब नै बनाउ कोइबात छैन । सडकमा गाडी नै गुड्ने हो, फुटपाथमा मान्छे नै हिँड्ने हो । तर मात्र यति बुझ सहरमा श्रमजीवीहरू छन्, सुकुम्बासीहरू छन् र उनीहरू पनि मान्छे हुन् । कसैलाई अपमान नगर । गरिखान विकल्प देउ ।



- सम्भू चौहान

स्वच्छ सफा र हराभरा काठमाडौँ बनाउन सडकमा दोकान थाप्न दिनै हुन्न, विकल्प राज्यले दिन सकेन भने आफैँ खोज्ने हो । सडकमै व्यापार गर्न पाउनुपर्छ भनेर अड्को थाप्ने होइन । काठमाडौँ मेयर बालेन्द्रलाई शुभकामना, हटि होइन डटी लड्नु पर्छ । खुट्टा तान्नेहरू तान्दै गरून् लरबरिनु भएन लक्ष्यमा लम्कनु ।



- चन्द्र श्रेष्ठ

रोग, भोग, गरिब, अशिक्षासँगै बेरोजगारीको भूमरीमा रूमलिएका नागरिकलाई सडक पेटिको सहारा बाध्यता बन्यो । आवात-जावत गर्ने यो बाक्लो भिड्मा श्वास धान्न गरिएको पुटपाथे व्यापारले अवरोध सिर्जना गरेको छ तर, भोको पेटले धरै दिएन । उठिबासभन्दा पहिले भोको पेटलाई सम्बोधन गर्ने अपरिहार्य थियो कि !



- निर्मल प्रसाईं

यो देश सुपरमल र मर्सिडिज वालाको मात्रै होइन, पानीपुरी र ठेलावालाको पनि हो । संविधानले राष्ट्रपति र एक आमजनताको अधिकार बराबर तोकिएको छ । ख्याल रहोस्, कसैलाई दुर्व्यवहार गर्ने अधिकार कोहीसँग छैन ।



- प्रेम घर्तीमगर

मेयर बालेन शाहले चुनावताका 'बलिदान' शीर्षकको र्‍याप सबैभन्दा धेरै प्रयोग गरे । जसमा चर्चित गीत ' गाई त बाँध्यो ढुंग्रोमा मोही छैन, गरिबको चमेली बोल्दिने कोही छैन' कोरसका रूपमा थियो । तर ठेलामा मकै बेच्दै गरेकी महिलामाथि गरेको ज्यादतीले बोलनको यही कोरस गीतमाथि नै प्रश्न उठाएको छ ।

# बदलिएको छिमेक नीति

विचार



● जयप्रकाश गुप्ता

सन् १९५९ मा तिब्बतलाई चीनले आफ्नो अधिपत्यमा लियो । असःहाय दलाई लामाले पत्रहरूद्वारा अमेरिका र बेलायतसँग सहयोगको माग गरे । अमेरिकाले कुनै जवाफ दिएन । बेलायतले "आफ्नो मुलुक भारतलाई स्वतन्त्रता प्रदान गरिसकेको र अब बेलायत अधिनस्थ भारतको सीमा तिब्बतसँग नजोडिएकोले आफुहरू कुनै पनि सहयोग गर्न असमर्थ रहेको" भन्ने व्यहोरामा दलाई लामालाई लेख्यो । दलाई लामालाई शरण दिने कुरामा नेपालले सहयोग गरेन । तिब्बतीहरूसँग गहिरो आबद्धतामा रहेको नेपालले यस घटनाबाट दशकौं पछिसम्म चीनलाई एक भरपर्दो मित्रको रूपमा आश्वस्त गरिरह्यो ।

सन् १९९० मा नेपालमा पञ्चायती व्यवस्थाको समाप्ति र बहुदलीय व्यवस्थाको पुनर्स्थापन पछि नेपाली कांग्रेस सरकारमा आयो । नेपालका कम्युनिष्टहरूका झैँ नेपाली कांग्रेस कहिल्यै चीनसँगको सम्बन्धमा भावातीत रहेन । सायद, युरोपीयन र अमेरिकी उक्साहटहरूबाट निरपेक्ष रहेर वस्तु स्थितिलाई मनन् गरी नेपाली भौगोलिक विशेषताको आधारमा द्विपक्षीय सम्बन्धलाई निरन्तरता दियो । नेपाली कांग्रेस नेपालका कुनै पनि कम्युनिष्टहरू भन्दा भरपर्दो मित्र रह्यो चीनको । नेपालका प्रति चिनियाँ सावधानी पनि त्यसैअनुरूप रह्यो ।

> *अहिले नेपालको विषयमा भारत र चीनको कुटनीति यसअघिको भन्दा निकै भिन्न छ । अहिले भारत 'शान्त कुटनीति'मा छ भने चीन केही अधिको भारतको झैं 'माईक्रो म्यानेजमेन्ट' को भूमिकामा देखिएको छ । चीनले पश्चिमा र भारतको भूमिकालाई हेरेर आफ्नो नीति तय गरेको छ भने भारतले चीन र पश्चिमाको भूमिकालाई हेरेर प्रस्तुती दिइरहेको छ ।*

तर, समय र राजनीति परिवर्तन भइसकेको छ । अब त्यो अवस्था रहेन । एमालेहरूले भारतबाट नेपाली भूमि कब्जा गरिएको मुद्दालाई जोडका साथ उठाएपछि नेपाली कांग्रेसबाट पनि चीनबाट नेपाली सीमा मिचिएको कुरा उठाइएको छ । कम्युनिष्टका सवालमा भारतको प्रतिवाद र कांग्रेसका आरोपमा चिनियाँ प्रतिवाद बरोबर हुन गएको छ ।

अहिले नेपालको विषयमा भारत र चीनको कुटनीति यसअघिको भन्दा निकै भिन्न छ । अहिले भारत 'शान्त कुटनीति'मा छ भने चीन केही अधिको भारतको झैं 'माईक्रो म्यानेजमेन्ट' को भूमिकामा देखिएको छ । चीनले पश्चिमा र भारतको भूमिकालाई हेरेर आफ्नो नीति तय गरेको छ भने भारतले चीन र पश्चिमाको भूमिकालाई हेरेर प्रस्तुती दिइरहेको छ । 'इन्डो प्यासेफिक' रणनीतिको सवालमा होस् वा दक्षिण एशियाली मुलुकमा अमेरिकी-भारतको हीतको विषयमा भारत अमेरिकाको पछि पछि छ । मुखर छैन, उद्वेलित छैन तर सक्रिय नै छ । अब नेपालमा जताततै अमेरिका देखिन्छ । हेनरी किसिंजर धेरै बुढो भएपनि गुगल म्यापमा उनले नेपालको नक्सा खोज्नुपर्ने भएको छ । नेपाली राजनीतिज्ञहरूमा केपी शर्मा ओली र एमालेहरू अमेरिकाका प्रति अद्भूत आशक्तिमा छन् । जुन आजको यथार्थ पनि हो ।

धन र वैभवता, शक्तिशालीसँग नातागोता गाँस्नु, उन्नत जीवन यापन खोज्नु, अनिध्य सुन्दरता प्रतिको आसक्ति, यौनको भोग, पुस्तौं पुस्ताको सुखसयल र विपन्नताको दुश्चिन्ता नरहोस् भन्ने चाहना आदि विषयहरूले मानव मस्तिष्कलाई प्रभाव पारिरहेकै छ, अनन्त कालदेखि । तर, जे होस् नेपालले आफ्नो विदेश नीतिको सञ्चालनमा आफ्नो राष्ट्रको हितको निर्धारण गर्ने जिम्मेवार पक्ष त हो नै । यसको परिपालन होस्, सबै नेपालीको यो अपेक्षा रहनु स्वभाविक नै हो ।

# अमेरिकाद्वारा युक्रेनलाई थप सैन्य सहयोगको घोषणा



**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिकाले युक्रेनलाई ८२ करोड डलर बराबरको नयाँ सैन्य सहयोग प्रदान गर्ने घोषणा गरेको छ। नयाँ सैन्य सहयोगमा जमिनबाट आकाशमा प्रहार गर्ने क्षेप्यास्त्र प्रणाली र अन्य युद्ध सामग्री समावेश गरिएको छ। पछिल्ला दिनमा रूसले युक्रेनमा दर्जनौं क्षेप्यास्त्र प्रहार गरेर त्यहाँको जनजीवन अस्तव्यस्त पारेको छ भने युक्रेनी सेनामाथि पनि घण्टौँसम्म तोपगोलाले लगातार आक्रमण गरिरहेको छ।

रूसी फौजको निरन्तर आक्रमणबाट भयभीत भएका युक्रेनी नेताहरूले सार्वजनिक रूपमा पश्चिमा सहयोगीहरूलाई तत्काल थप गोला बारुद र आधुनिक हातहतियार उपलब्ध गराउन गरेको आह्वानको जवाफमा अमेरिकाले नयाँ सैन्य सहयोगको घोषणा गरेको हो। अमेरिकाले युक्रेनलाई हतियार र सैन्य प्रशिक्षणमा आठ अर्ब ८० करोड डलरभन्दा बढीको सैन्य सहयोगको प्रतिबद्धता गरेको छ। रूसी सेनालाई परास्त गर्न अमेरिकासहितका पश्चिमा देशबाट युक्रेनले थप मद्दत मागेका थिए।

उनीहरूले रूसी आक्रमणपछि करिब सात अर्ब डलरको सहायता घोषणा गरिसकेका छन्। शुक्रबार औपचारिक रूपमा घोषणा गरिएको अधिकांश सहायता युक्रेन पुग्न हप्ता वा महिना लाग्नेछ। यसैबीच, युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले नयाँ सैन्य सहयोग घोषणा गरेकामा अमेरिकी राष्ट्रपतिप्रति कृतज्ञता व्यक्त गरेका छन्।

यसैबीच युक्रेनमा शुक्रबार फेरि रुसी क्षेप्यास्त्र आक्रमण भएको छ। युक्रेनमा पछिल्लो समय लगातार रुसी क्षेप्यास्त्र आक्रमणका घटना भइरहेका छन्। पछिल्लो घटनामा परी कम्तीमा २१ जनाको मृत्यु भएको छ।

देशको ओडेसा क्षेत्रमा रहेको आवासीय भवनमा क्षेप्यास्त्र आक्रमण हुँदा त्यहाँ रहेका २१ जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन्। घटनामा परी अरू केही घाइते भएको र उनीहरूको स्थानीय अस्पतालहरूमा उपचार भइरहेको पनि अधिकारीहरूले जानकारी दिएका छन्।

सेर्हीभ्का भन्ने ठाउँमा रहेको नौतले भवनमा आक्रमण भएको हो। आक्रमण भएको भवनमा झन्डै १०० जना बस्दै आएका थिए। त्यो भवन अहिले क्षतिग्रस्त भएको छ। स्थानीय समयानुसार शुक्रबार राति १ बजे आक्रमण भएको हो। घटनास्थलमा उद्धार तथा खोजीकार्य भइरहेको अधिकारीहरूले जनाएका छन्।

रुसी अधिकारीहरूले भने आक्रमण नभएको दाबी गरेका छन्। रुसी राष्ट्रपति कार्यालयका प्रवक्ता दिमित्री एस पेस्कोभले शुक्रबार भएको आक्रमण पनि अस्वीकार गरेका छन्। कुनै स्थानीय बासिन्दा वा भौतिक संरचनालाई लक्षित गरेर आक्रमण गर्ने आफूहरूको योजना नरहेको उनको दाबी छ।

गएको फेब्रुअरीदेखि रुसले युक्रेनमाथि आक्रमण गर्दै आएको छ। आक्रमणका कारण ठूलो जनधनको क्षति भएको छ भने आर्थिक तथा राजनीतिक रूपमा विश्वभरि नै असर परेको छ।

# इरानमा भूकम्प जाँदा ५ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** दक्षिणी इरानमा शनिबार भएको ६.३ म्याग्निच्युडको भूकम्पमा परी पाँच जनाको मृत्यु भएको तथा ४९ जना घाइते भएका सरकारी टेलिभिजनले जनाएको छ।

राजधानी तेहरानबाट करिब एक हजार किलोमिटर दक्षिणमा रहेको होर्मोजगान प्रान्तको खोश गाउँलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्प प्रभावित स्थलमा करिब तीनसयको बसोबास रहेको थियो। उक्त स्थलमा तत्काल उद्धार टोली परिचालन गरिएको छ। बिहानैको भूकम्पपछि पनि भूकम्पका पराकम्पन जारी



रहेकाले भवन र पूर्वाधारमा क्षति पुगेको भन्दै सर्वसाधारण सडकमा निस्किएका छन्।

भूकम्पको धक्का धेरै छिमेकी मुलुकमा पनि महसुस गरिएको छ। इरान ठूला भूकम्पीय जोखिमको क्षेत्रमा रहेको छ। औसतमा यहाँ हरेक दिन भूकम्पको झट्का महसुस हुन्छ। सन् २००३ मा ६.६ म्याग्निच्युडको भूकम्पले ऐतिहासिक शहर बामलाई क्षतविक्षत पारेको थियो जहाँ २६ हजार सर्वसाधारणको ज्यान गएको थियो। सन् २०१७ मा सात म्याग्निच्युडको भूकम्पमा परी छ सयभन्दा बढीको मृत्यु भएको थियो।

## सडक डिभिजन दमौलीको ठेक्का किन नतोड्ने बारेको अत्यन्त जरुरी सूचना

**(प्रकाशित मितिः २०७९/०३/१९)**

यस सडक डिभिजनबाट मिति २०७९/०१/१३ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा बिभिन्न मितिमा कार्यालयबाट प्रेषित पत्र अनुसार तपसिलमा उल्लेखित निर्माण व्यबसायीहरुलाई देहाय बमोजिमका निर्माण कार्य सम्पन्न गर्नका लागि सूचना जारी भएकोमा हालसम्म के कति कारणले कार्य सम्पन्न हुन नसकेको हो ? खुलाई कार्य सम्पन्न गर्न सक्ने संशोधित कार्य तालिका (Updated Work Schedule), स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित सबै संयुक्त उपक्रमका आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन अनुरोध गरिएकोमा माग गरिएको विवरण सहित कार्यालयमा उपस्थित नभएकोले कार्य सम्पन्न हुने कुरामा कार्यालय विश्वस्त हुन नसकेकोले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौताका प्रावधान बमोजिम देहायका निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र संशोधित कार्य तालिका (Updated Work Schedule), सोही सँग मेल खाने भरपर्दो स्रोत परिचालन योजना (Resource Deployment Schedule) सहित कार्यालयमा उपस्थित हुन पुनः अनुरोध छ। उक्त समयावधिमा पनि मुनासिव कारण सहित स्पष्टिकरणका साथ विश्वासनिय कार्य योजना पेश नभएमा यसै सूचनालाई अन्तिम मानी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ तथा ठेक्का सम्झौताका शर्तहरु बमोजिम ठेक्का तोडिने व्यहोरा जानकारी गराईन्छ। साथै यसरी ठेक्का सम्झौता अन्त्य गरे सँगै ठेक्का सम्झौतामा भएका प्रावधान एवं प्रचलित कानुन वमोजिम कारवाहीको प्रक्रिया अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र सं | ठेक्का नं | निर्माण कार्यको विवरण | निर्माण व्यवसायिको नाम |
|---|---|---|---|
| १ | RDDML/337310113-Spec/077/78-026 | Specific Maintenance works on Dumre Bandipur Road | श्री समुन्द्र कन्सट्रक्सन, कास्की |
| २ | DRODML/337165-4/070-71/43 | Specific Maintenance works on Dumre Besisahar Road | श्री इन्द्रपुरी कन्सट्रक्सन फर्म, पोखरा |
| ३ | DRODML/337165-4/070-71/70 | Road Safety works under Specific Maintenance on PRM (Mungling to Kotre), Dumre- Besisahar, Dumber-Bandipur and Aabu- Gorkha Road | श्री इन्द्रपुरी कन्सट्रक्सन फर्म, पोखरा |
| ४ | DRODML/337165-4/ 070-71/97 | Maintenance Works of Bridge and Related Structure On Prithivi Lokmarg, Aabukhaireni Gorkha, Dumre Beshisahar Roads | श्री इन्द्रपुरी कन्सट्रक्सन फर्म, पोखरा |
| ५ | DRODML/337165-4/ 070-71/98 | Maintenance Works of Bridge and Related Structure On Prithivi Lokmarg, Byas Marga and Khaireni Bhimad Roads | श्री इन्द्रपुरी कन्सट्रक्सन फर्म, पोखरा |
| ६ | DRODML/337165-3/071/72/088 | Specific Maintenance Works on Dumre Besisahar Road (Ch 35+600 to 43+430) | श्री सुजि निर्माण सेवा, गोरखा |
| ७ | DRODML/337165-3/072/73/001 | Recurrent maintenance works in Prithvi Lokmarg (Muse-Kotre section,KM 121+430 to 154+540), Byas Marg(0+000 to 25+540) and Khairenitar Bhimad Road (0+000 to 8+000) | श्री त्रिवेणी निर्माण सेवा, पोखरा |
| ८ | DRODML/337165-3/072/73/002 | Recurrent Maintenance works in Prithvi Lokmarg(Mugling-Muse section,(83+290 - 121+430), Aabukhaireni-Gorkha (0+000 to 24+690), Dumre Beshisahar Road (0+000 to 43+430) and Dumre Bandipur Road (0+000 to 8+000) | श्री त्रिवेणी निर्माण सेवा, पोखरा |
| ९ | DRODML/(Dharauti)/072/73/023 (Re) | Bituminous Patch work on Dumre Besisahar Road Ch.41+000 to 42+500 ( Purano bank chowk to shera chowk | श्री आयुस एण्ड अनुश कन्सट्रक्सन एण्ड सप्लायर्स, तनहुँ |
| १० | DRODML/337165-3/072/73/036 (Re) | Recurrent Maintenance Works on Dumre Beshisahar Road (Km 0+000 to 43+430) | श्री मालिका कन्सट्रक्सन, लमजुङ्ग |
| ११ | DRODML/337165-3/072/73/040 | Specific Maintenance Works on Prithvi Lokmarga (Mugling-Muse Section Km 83+290 to Km 121+430), Aabukhaireni Gorkha Road (Km 0+000 to 24+690) and Dumre Bandipur Road (Km 0+000 to 8+000) | श्री जि एस कन्सट्रक्सन, तनहुँ |
| १२ | DRODML/3373314/072/73-59 (Re) | Road and Traffic safety works along Dumre Besisahar Chame Road | श्री मालिका कन्सट्रक्सन, लमजुङ्ग |
| १३ | DRODML/3371574/74/75-09 | Construction of motorable Steel Truss Bridge over Marsayngdi River along Chame - Manang Road | श्री स्वच्छन्द/ द क्याराभान जे भि, काठमाण्डौ |
| १४ | RDDML/3371653_Spec/75/76-041 | Potholes/Patch Repair Works on Dumre Besisahar Road (33+000 to 41+000) | श्री खड्गदेवि कन्सट्रक्सन, तनहुँ |
| १५ | RDDML/337310113_Rec/076/77-006 (Re) | Reactive Maintenance Works on Dumre Bandipur Road (0+000 to 8+000). | श्री खड्गदेवि कन्सट्रक्सन, तनहुँ |
| १६ | RDDML/337310113_Rec/076/77-012 | Reactive Maintenance Works on Dumre-Besisahar Road (10+000 to 24+000) | श्री खड्गदेवि कन्सट्रक्सन, तनहुँ |
| १७ | RDDML/337310113_Spec/076/77-026 | Specific Maintenance Works on Dumre - Bandipur Road (Ch 0+000-8+000) and Aabukhaireni - Gorkha Road (Ch 0+000-24+000) | श्री खड्गदेवि कन्सट्रक्सन, तनहुँ |
| १८ | RDDML/337310113_Spec/076/77-043 (Re) | Specific Maintenance works on Prithivi Highway ( Chainage No. 83+290 to 126+000) and Dumre Bandipur Road | श्री खड्गदेवि कन्सट्रक्सन, तनहुँ |
| १९ | RDDML/33701137/076/77-014 | Roadway Upgrading Works on Turture (Tanahun) hundai Gorkha (Palungtar Hawaaiground) Lamjung (Garambeshi Dhamilikuwa) Borangkhola Bichaur Dudhpokhari Road, Lamjung (Chainage 5+500 onwards) | श्री डिभाइन लाइट कन्सट्रक्सन प्रा. लि., भरतपुर, चितवन |
| २० | RDDML/33701137/076/77-060 | Roadway Upgrading Works along Tanahun ko turture hudai Gorkha Palungtar hawai ground lamjung ko chepe nadi (kaliraha) garambeshi dhamilikuwa borangkhola bichaur dudhpokhari kunaghat gorkha bhachhek Road (Ch. 6+000 onwards), Lamjung | श्री डिभाइन लाइट कन्सट्रक्सन प्रा. लि., भरतपुर, चितवन |
| २१ | RDDML/337011374/077/78-038 | Road Upgrading Works on Bandipur Tharubas Kuwadi hudai Dhaadkhola buddhasingh jodne Bandipur gapa sadak Tanahun | श्री सुलक्ष्मि कन्सट्रक्सन प्रा. लि., तनहुँ |

**डिभिजन प्रमुख**


# कुवेतमा वैदेशिक रोजगार अवसर

कम्पनी : KUWAIT PRITCHARD CO. CLEANING & MAINTENANCE WLL

पूर्व स्वीकृत मितिः २०७९/०३/१८ चलानी नं.: ६०१८२२९८ LT. No.:266338 शहर : KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Helper | 100 | 200 | स. काममा दक्ष | 85 | ३४,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोटः प्री इन्टरभ्यु धमाधम भइ रहेको छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २६, २७ र २८ गते (10, 11 & 12 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677, 9810166668
9808577289, Email: manakamanamfec1@gmail.com
Licence No. 753/064/065

# कुवेतमा रोजगार | कम्पनीः FALCON KUWAITIYA BUILDING & ROAD CLEANING CONTRACTING COMPANY शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०३/१८ चलानी नं.: ६०१८२३०४ LT. No.: 266371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner ( Indoor) | 150 | 0 | स. काममा दक्ष | 90 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ असार २६ गते (10 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Real Radiantal International Pvt.Ltd.
Dhumbarahi 4, Kathmandu, Nepal. Tel No: 4528218, 4517859
Govt. License No: 990/067/068

# MALAYSIA मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : SAN YONG ENTERPRISE SDN. BHD. शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२८६ LT. No.: 265612

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 17 | 0 | स. काममा दक्ष | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ र २४ गते (7 & 8 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

काबेली ह्युमन रिसोर्स प्रा. लि.
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं ,नेपाल, फोनः ४११३६०७, फ्याक्सः ४११३६०७

# बक्स अफिस समाचार

कुनै चलचित्रको काल्पनिक कथा जस्तै लाग्छ वरिष्ठ संगीत संयोजक राजु खड्काको जीवन । उनका जीवनका अनेक आरोह अवरोहहरु छन् । पीडा, संघर्ष, अनेकन तीता मिठा अनुभवहरु अनि आफ्नै जिन्दगीसँग दर्जनौं अनुत्तरित प्रश्नहरुसँगै उनले यो धर्तीमा यात्रा गरेको पनि ४७ वर्ष भइसकेको छ । जन्मदातालाई भगवानकै रुप भन्ने गरिन्छ । तर आफ्ना भगवानको वात्सल्य प्रेम त परको कुरा उनले अनुहार पनि देख्न पाएनन् । उनी आफ्नो जन्मस्थान काठमाडौं हाँडीगाउँ बताउँछन् । तर, बुबा आमा को थिए ? उनी किन त्यसरी बेवारिसे भए ? उनका बुबा आमा अहिले जीवितै होलान् या नहोलान् ? यस्ता प्रश्नको उत्तरमा उनी निकै भौंतारिए पनि, अब भने उनले आश मारिसकेका छन् । बाल्यकाल सडकमै बिताएका राजुमा एक विलक्षण प्रतिभा थियो । गीत संगीतमा उनको विशेष अनुराग थियो । सानैदेखि गीत संगीतप्रति गहिरो लगाव भएका कारण राजु कलिलो उमेरदेखि नै यसतर्फ आकर्षित भए । सानै उमेरदेखि नै संगीत क्षेत्रमा आफ्नो भविष्य बनाउँछु भन्ने अठोट, आत्मविश्वास र लक्ष्यका साथ अघि बढेका राजुले स्कुले जीवनमै छँदा गाएको गीत 'लेकाका हामी केटाकेटी' र 'हिउँ खोलाको पानी' अहिले पनि उत्तिकै लोकप्रिय रहेका छन् । गायनमा भन्दा पनि आफूलाई संगीत संयोजनमा प्रखर बनाउँदै सबैको माया बटुल्न सफल उनले पहिलो पल्ट 'छैन निद रातमा' बोलको गीतमा संगीत संयोजन गरेका थिए । त्यसयता उनले आधुनिक, पप, दोहोरी, भजन, स्वदेश गानजस्ता विभिन्न धारका लगभग तीन हजार जति गीतमा संगीत संयोजन गरेको दाबी गर्छन् । संगीत संयोजनसँगै लिड गायन र कोरस गायनसमेत गरेका उनले केही म्युजिक भिडियोमा समेत अभिनय गरेका छन् । यसले के देखाउँछ भने उनी भर्सटायल सर्जकको रुपमा यस क्षेत्रमा आफ्नो ख्याति कमाइरहेका छन् । संगीतलाई नै जीवनको लक्ष्य, उद्देश्य र मूल कर्म बनाएर निरन्तर सांगीतिक यात्रामा लम्किरहेका राजुले नेपाली संगीतको श्रीवृद्धिमा अहम् भूमिका खेलेका छन् । उनको जिन्दगीको संघर्ष कथा पढ्दा यस्तो लाग्छ उनी अभाव र पीडामा रुमलिएका आम मान्छेका एक प्रेरण हुन् । उनी अप्ठेरो भीरमा फुलेका सुवाशिला फूल हुन् । अन्धकारभित्रको चट्टान फुटाएर उम्रिएका एक जुझारु, आत्मविश्वाशी एवं धैर्यवान सर्जक हुन्, धेरैको प्रेरणको स्रोत हुन् । लोक, आधुनिक, पप, राष्ट्रिय, भजन, तामाङ सेलो, मेहेन्दोमाया, चलचित्रका गीतमा संगीत संयोजन गरेर लोकप्रियता हासिल गरेका **राजु खड्का**ले **मध्यान्ह दैनिक**का लागि **सानुकाजी श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

# 'गीत संगीतको महासागरमा डुबुल्की लगाउँदै छु'



**राजु खड्का**, वरिष्ठ संगीत संयोजक

### आफ्नो जीवनको बाल्यकाललाई कसरी सम्झनुहुन्छ ?

प्रायः व्यक्तिको बाल्यकाल भनेको स्वर्णीम नै हुन्छ । तर दुर्भाग्य नै भनौं मैले त्यो अनुभूति गर्न पाइनँ । किनकि मेरो बाल्यकाल सडकमै बित्यो । सडक बालकका रुपमा मैले आफ्नो जीवनको महत्वपूर्ण खण्ड बिताए । बुबा आमाको बात्सल्यबाट वञ्चित भएँ । मेरो बुबा आमा को हुनुहुन्छ आजसम्म थाह हुन सकेको छैन । म आफूले आफूलाई सम्झँदादेखि सडकमा थिएँ । म किन सडकमा थिएँ, त्यसको रहस्य आजसम्म पनि भेटाउन सकेको छैन । सायद मेरो जीवनको बाल्यकाल त्यसरी नै बित्ने भन्ने भाग्यमा लेखिएको थियो होला । आज म ४७ वर्ष पुग्दासम्म मेरो जिन्दगीका दर्जनौं प्रश्नको उत्तर छैन ।

### कसरी गीत संगीततर्फ आकर्षित हुनुभयो ?

अनाथ भएका कारण काठमाडौंका सडक र गल्लीहरूमा भोकै प्यासी भौंतारिँदै, बाटोमा भेटिएका स्वदेशी र विदेशीसँग या पसलितर माग्नु अनाहकमा गाली र कुटाइ खानु अनि जाडो होस् या गर्मी सडक पेटी र आकाशे पुलमुनी गुडिल्किएर रात बिताउनु मेरो दैनिकी थियो । यस्तैमा २०४३ सालमा जतिबेला म ११ वर्षको थिएँ, मोनिका योङ नाम गरेकी क्यानेडियन महिलाको सहयोगमा सूर्योदय बोर्डिङ स्कूलमा भर्ना भएँ । स्कूलका प्रिन्सिपल लक्ष्यबहादुर केसीको संरक्षकत्वमा मेरो अध्ययन शुरु भयो । म पढाईमा अब्बल नै थिएँ । यसको दिमाग तिक्ष्ण छ भनेको सम्झन्छु त्यो बेला सबैले । युकेजी देखि २ कक्षासम्म उनै क्यनेडियन महिलाको सहयोगमा मेरो पढाई भइरहेको भए पनि एकाएक उहाँ सम्पर्कविहीन हुनुभएपछि प्रिन्सिपलले नै मेरो पढाईप्रतिको लगाव देखेर उहाँकै खर्चमा पढें । केही समयपछि एकजना स्विस नागरिकले सहयोग गर्ने वाचा दिनुभयो । तर दुर्भाग्य उहाँको गाडी दुर्घटनामा निधन भयो । जुन यहाँले सोध्नुभएको मेरो संगीतप्रतिको लगाव कसरी भयो भन्ने प्रश्नमा मलाई गीत संगीतप्रति सानैदेखि एक खालको लगाव थियो । म स्कूलमा भएका संगीतका इन्स्ट्रुमेन्टहरू बजाउने गर्थें । अनि बिस्तारै यसतर्फ अझ बढी आकर्षित हुँदै गएँ ।

### सानैमा गीत पनि गाउनुभयो होइन ?

मलाई सानैदेखि गीत संगीतप्रति गहिरो अभिरुची भएका कारण अग्रजहरूले सिकाएको कुरा एकाग्र भएर सुन्थें, सिक्थें र एक्लै हुँदा साधनामा तल्लिन हुन्थें । मैले ६ कक्षापछि संगीतमै आफ्नो भविष्य बनाउँछु भन्ने अठोट गरें । मैले त्यो बेला गाएको गीत 'लेकका हामी केटाकेटी', र 'हिउँ खोलाको पानी' हुन् ।

### गीत संगीतसम्बन्धी औपचारिक कक्षा पनि लिनुभयो कि ?

लिएँ नि । मैले मेरो अवस्थाको बारेमा जानकारी गराएपछि र मेरो गीत संगीततर्फको विशेष लगाव देखेपछि दाबाया स्टुडियो म्युजिक इन्स्टिच्युटमा संगीत सिक्ने अवसर मिलेको थियो । सो इन्स्टिच्युटमा मैले धेरै कुरा सिक्ने मौका पाएँ ।

### संगीत संयोजनमा यहाँको पहिलो सिर्जना के थियो ?

मैले पहिलो पल्ट संगीत संयोजन गरेको गीत 'छैन निद रातमा' हो । मेरो पहिलो काम धेरै मन पराएको हुँदा त्यसपछि लगातार म संगीत संयोजनमा नै व्यस्त हुँदै आएँ । त्यो बेलाका चलेका स्टुडियो र संगीतकारहरूले मलाई काम दिन थालेपछि आर्थिकरुपमा जिन्दगी केही सहज ढंगले अगाडि बढ्न थाल्यो । मेरो संघर्षकालमा मलाई विश्वास गरेर अगाडि बढ्नका लागि हृदयदेखि नै साथ दिनेहरू धेरै हुनुहुन्छ । उहाँहरू सबैलाई नमन गर्न चाहन्छु । ति मध्ये केहीको मैले नाम लिनुपर्ने नै हुन्छ । वरिष्ठ संगीतकार राजु सिंह, डिजिटल काठमाडौंका प्रोप्राइटर डिका गुरुङ, ड्रिम्स स्टुडियोका सञ्चालक प्रकाश केसी, म्युजिक एरेन्जर पवन वाङको मप्रति अनुकम्पा रहेको थियो ति दिनहरूमा । अहिले पनि स्रष्टा सर्जकहरूको उतिकै माया प्रेम र सदभाव मैले पाइरहेको छु ।

### संगीत संयोजनबाहेक अन्यत्र लाग्नुभएन ?

गीत संगीतका विविध विधामा छु म । तर मुख्य काम भनेको संगीत संयोजनलाई नै अघि बढाइरहेको छु । म गीत संगीतका अन्य विधामा पनि उत्तिकै क्रियाशील छु । संगीत संयोजनसँगै बेलाबखत मौका मिल्दा लिड गायन र कोरस गायन समेत गर्ने गरेको छु भने केही म्युजिक भिडियोमा अभिनय पनि गरेको छु । गीत संगीत क्षेत्रलाई नै जीवनको मूल लक्ष्य, उद्देश्य र कर्म बनाएर निरन्तर यात्रामा छु ।

### यहाँका कतिजति सिर्जना स्रोता-दर्शकमाझ आएका होलान् ?

मैले लोक, आधुनिक, पप, राष्ट्रिय, भजन, तामाङ सेलो, म्हेन्दोमाया, चलचित्रलगायत सबै विधाका गीतमा संगीत संयोजन गरेको छु । मैले यस्तै तीन हजार जति गीतमा संगीत संयोजन गरेको छु ।

### अबको यहाँको लक्ष्य ?

संगीतलाई नै मैले मेरो जीवनको अभिन्न अंगको रुपमा अघि बढाएको छु । सपना र विपनामा मेरो गीत संगीतबाहेक अरु छैन । यसैमा नयाँ नयाँ क्रियशन गर्ने मेरो लक्ष्य हुने गर्छ । गीत संगीतको महासागरमा डुबुल्की लगाउँदै अमृत निकाल्ने मेरो प्रयास हरदम जारी छ र रहन्छ ।

### गीत संगीत र जीवन के रहेछ ?

जीवन सुख-दुःखको संयोग हो र लेखान्त हो भोग्नुको विकल्प छैन । र, संगीत सोही जीवनको सहयात्री हो । दुखेको मनलाई मल्हम, खुशीको क्षणलाई रंग मिसाइदिने । संगीत जीवन हो ।

### अन्त्यमा ?

वास्तविक कला भएका सर्जकलाई विभिन्न तवरले साथ सपोर्ट गर्न अनुरोध गर्दछु, यो लोकप्रिय दैनिक पत्रिकामार्फत । साधना र उत्कृष्ट सिजना गर्ने मनोवल पैदा होस्, जय गीत, जय संगीत ।

# 'प्रसाद २'को घोषणा कलाकार को-को ?

**काठमाडौं/मस–** फिल्म 'प्रसाद २'को निर्माण घोषणा गरिएको छ । बिहीवार राजधानीमा एक कार्यक्रमका बीच फिल्मको 'कास्ट एन्ड क्रियू'लाई चिनाइयो । पहिला सौरभ चौधरीले निर्देशन गर्ने पक्का भएको फिल्मलाई अब सुदर्शन थापाले निर्देशन गर्दैछन् भने मुख्य भूमिकामा अनुबन्ध भएका निश्चल बस्नेत बाहिरिएपछि उनको ठाउँमा अर्पण थापालाई लिइएको छ ।

फिल्ममा निर्देशकको रुपमा सुदर्शन थापा भित्रिए लगत्तै निश्चल बाहिरिएका थिए । यसको कारण सुदर्शन र निश्चलबीच राम्रो सम्बन्ध नहुनुलाई मानिएको छ । तर, फिल्मको घोषणा सभामा निर्देशक थापाले निश्चलसँग आफ्नो कुनै खालको मतभेद नभएको स्पष्ट पारे । 'प्रसाद २'मा आफू भित्रिएपछि एकपटक निश्चलसँग भेट भएको तर त्यसबेला फिल्मको बारेमा कुरा नै नभएको उनको भनाइ छ ।

'निश्चलसँग एकपटक कफी भेट हुँदा उहाँलाई मैले 'प्रसाद २' गर्दैछु भन्ने जानकारीबाहेक फिल्मको बारेमा अरु केही नै कुरा भएन,' सुदर्शनले भने, 'पछि निर्माताले फिल्ममा विपिन कार्की र नम्रता श्रेष्ठबाहेक अरु क्यारेक्टरका लागि कलाकार फाइनल नभएको बताएपछि मैले त्यस क्यारेक्टरमा अर्को कलाकार कास्ट गरेको हुँ ।' उनले निश्चललाई आफूले नहटाएको पनि स्पष्टिकरण दिए ।

फिल्मका निर्माता सुभाष थापाले भने व्यस्तताका कारण निश्चल बस्नेतले 'प्रसाद २'मा काम गर्न नसकेको जानकारी दिए । 'हामी टिम नफुटोस् भन्ने नै चाहन्थ्यौं । हामीले विपिन, नम्रता र निश्चल तीनै जनासँग सम्झौता गरेका थियौं । फिल्म बन्न अलि ढिलो भएपछि निश्चल बस्नेतले व्यस्तताका कारण काम गर्न नभ्याउने बताएपछि मैले पनि त्यो कुरालाई सहजै स्वीकार गरें,' उनले भने ।

फिल्मबाट निश्चल बाहिरिए पनि विपिन कार्की र नम्रता श्रेष्ठ भने यथावत् छन् । २०७५ सालमा प्रदर्शन भएको 'प्रसाद' जहाँ टुंगिएको थियो त्यहीँबाट 'प्रसाद २' शुरु हुनेछ ।


**मलेसियामा रोजगार** | कम्पनी : DURA GUARD FORCE AND CONSULTANCY SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ | चलानी नं.: ६०१८२२९५ | LT. No.: 266234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २६ गते (10 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

